# प्रादेशिक आर्थिक गतिविधि अध्ययन

# (कोशी प्रदेश)

## अर्धवार्षिक प्रतिवेदन
## (आ.व.२०८०/८१)




**नेपाल राष्ट्र बैंक**

**विराटनगर कार्यालय**

**जेठ, २०८१**

# भूमिका

आफ्नो स्थापनाको ६८ वर्ष पूरा गरिसकेको नेपाल राष्ट्र बैंकले स्थापनाकाल देखि नै वित्तीय क्षेत्रको विकास र आर्थिक स्थायित्वका साथै देशको समग्र आर्थिक विकासमा अग्रणी भूमिका खेल्दै आएको छ । वि.स. २०४६ सालदेखि देवकोटा चोक, विराटनगरस्थित आफ्नो कार्यालयबाट विभिन्न कार्यहरु गर्दै आएको नेपाल राष्ट्र बैंक विराटनगर कार्यालयले हाल बैंकिङ कारोबार, मुद्रा व्यवस्थापन, प्रदेश सरकारको खाता व्यवस्थापन, आर्थिक गतिविधि तथा विशेष अध्ययनका क्षेत्रहरुमा कार्य गर्दै आएको छ ।

कोशी प्रदेशको आर्थिक गतिविधि अध्ययनको लागि यस प्रदेश अन्तर्गतका सबै १४ जिल्लामा भएका कृषिबाली तथा पशुपन्छीको उत्पादन, मत्स्यपालन, सिँचाइ, वन, औद्योगिक उत्पादन तथा उत्पादकत्व, बैंकिङ तथा वित्तीय सेवा र वित्तीय सञ्जालको अवस्था, पूर्वाधारको विद्यमान अवस्था, ती क्षेत्रहरुमा रहेका चुनौती तथा सम्भावनालाई समेटी आर्थिक वर्ष २०८०/८१ को प्रथम अर्धवार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार पारिएको छ । यो आर्थिक गतिविधि अध्ययन प्रतिवेदन **आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)"** मा आधारित भई तयार पारिएको छ । प्रतिवेदन तयारीका क्रममा कोशी प्रदेशका ११ जिल्लाबाट स्थलगत तथा बाँकी ३ जिल्लाबाट गैह्रस्थलगत रुपमा तथ्याङ्क संकलन गरिएको छ भने आर्थिक गतिविधिको विश्लेषण गर्नका लागि द्वितीय तथ्याङ्कहरु प्रयोग गरी विभिन्न क्षेत्रहरुको प्रवृत्ति विश्लेषण गरिएको छ । विभिन्न सरकारी कार्यालय, बैंक तथा वित्तीय संस्था, प्रदेशभित्र सञ्चालित औद्योगिक प्रतिष्ठान, विकास परियोजना र निजी क्षेत्रबाट तथ्याङ्क तथा सूचना संकलन गरी अर्थतन्त्रका प्रमुख क्षेत्रहरु कृषि, उद्योग, सेवा तथा पूर्वाधार विकास सम्बन्धी विश्लेषण गरिएको छ । त्यसैगरी, यस प्रतिवेदनमा विषयवस्तुको सान्दर्भिकता प्रस्तुत गर्न व्यावसायिक फर्मबाट प्राथमिक तथ्याङ्क संकलन गरी Case study समेत समावेश गरिएको छ । प्रतिवेदनमा सरोकारवाला निकाय/व्यक्ति तथा विषय विज्ञसँगको अन्तरक्रिया, छलफल एवम् सर्वेक्षणकर्ताको विश्लेषण समेतका आधारमा पहिचान भएका क्षेत्रगत चुनौती, सम्भावना तथा आगामी परिदृश्य समेत चित्रण गरिएको छ ।

प्रतिवेदन तयारीका क्रममा आवश्यक तथ्याङ्कहरु समयमै उपलब्ध गराई सहयोग पुर्‍याउनु हुने जिल्लास्थित विभिन्न सरकारी कार्यालयहरु, निर्देशनालय एवम् सम्बन्धित परियोजना/औद्योगिक प्रतिष्ठान र सरोकारवाला निकायहरुप्रति हार्दिक आभार व्यक्त गर्दछु । प्रतिवेदन तयारीका क्रममा तथ्याङ्क संकलन, विश्लेषण तथा प्रतिवेदन लेखनको कार्यमा संलग्न हुनुहुने यस कार्यालयका आर्थिक अनुसन्धान इकाईका उप-निर्देशक श्री अच्युत कुमार थापा, सहायक निर्देशक श्री अंगदिप न्यौपाने, प्रधान सहायकहरुः श्री अनिष गुरागाई, श्री उज्वल ढुंगाना, श्री अशोक रेग्मी, श्री प्रदिप घिमिरे, श्री सुरेश रेग्मी, श्री पूर्ण बहादुर कार्कीलाई विशेष धन्यवाद ज्ञापन गर्दछु ।

**बुद्ध राज शर्मा**
**निर्देशक**
**नेपाल राष्ट्र बैंक, विराटनगर**

# कार्यकारी सारांश

## प्रदेशको समष्टिगत आर्थिक स्थिति

- आर्थिक वर्ष २०८०/८१ मा नेपालको राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा कोशी प्रदेशको हिस्सा १५.८४ प्रतिशत हुने केन्द्रीय तथ्याङ्क कार्यालयको अनुमान रहेको छ । गत आर्थिक वर्षमा यस प्रदेशको हिस्सा १५.७९ प्रतिशत रहेको थियो ।
- आर्थिक वर्ष २०८०/८१ मा यस प्रदेशको आर्थिक वृद्धि ३.५१ प्रतिशत रहने अनुमान रहेको छ । गत आर्थिक वर्षको आर्थिक वृद्धि २.१३ प्रतिशत रहने संसोधित अनुमान रहेको छ ।
- आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको हिस्सा ३३.२ प्रतिशत, उद्योग क्षेत्रको १५.९ प्रतिशत र सेवा क्षेत्रको ५०.९ प्रतिशत योगदान रहने अनुमान रहेको छ ।

## कृषि

- आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कोशी प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले घटेको छ । समीक्षा अवधिमा कोदो, आलु, सुर्ती, तरकारी, लसुन लगायतले ढाकेको क्षेत्रफल घटेकोले समग्र कृषि बालीले ढाकेको क्षेत्रफल घटेको देखिन्छ ।
- कोशी प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य तथा नगदे बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८८.६ प्रतिशत, तरकारी बालीले ढाकेको क्षेत्रफल ४.५ प्रतिशत र अन्य बालीले ढाकेको क्षेत्रफल ६.९ प्रतिशत रहेको छ । कृषि उपजले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको हिस्सा ७३.८ प्रतिशत रहेको छ ।
- आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा समग्र कृषि बालीको उत्पादन ०.०३ प्रतिशतले बढेको छ । सो अवधिमा खाद्य, नगदे तथा अन्य बालीको उत्पादन २.६ प्रतिशत, फलफुलको उत्पादन १.२ प्रतिशत तथा कफीको उत्पादन ०.३ प्रतिशतले बढेको छ भने तरकारीको उत्पादन १४ प्रतिशतले र चियाको उत्पादन ०.१ प्रतिशतले घटेको छ ।
- समीक्षा अवधिसम्म यस प्रदेशको कुल खेतीयोग्य क्षेत्रफलको ४०.५ प्रतिशत क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो सुविधा पुगेको क्षेत्रफल ३९.७ प्रतिशत रहेको थियो भने समीक्षा अवधिमा कोशी प्रदेशमा कुल सिञ्चित क्षेत्रफल ०.४ प्रतिशतले बढेको छ ।
- समीक्षा अवधिमा कोशी प्रदेशमा छाला उत्पादन १४ प्रतिशत, खसी/बोका/भेडा ११.१ प्रतिशतले, माछापालन ३.७ प्रतिशतले बढेको छ भने भैसी/राँगो उत्पादन ५.३ प्रतिशतले तथा हाँस उत्पादन २.५ प्रतिशतले घटेको छ ।
- समीक्षा अवधिमा काठको उत्पादन, औषधिजन्य उत्पादन क्रमश २३.७ र ६०.९ प्रतिशतले बढेको छ भने अन्य उत्पादन २५.३ प्रतिशतले घटेको छ ।

- २०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ६.१ प्रतिशतले कमी भई रु.५७ अर्ब ४३ करोड ४८ लाख पुगेको छ । २०८० पुस मसान्तसम्म कोशी प्रदेशमा प्रवाहित कर्जामध्ये कृषि क्षेत्रमा प्रवाह भएको कर्जाको अंश १०.८ प्रतिशत रहेको छ ।

## उद्योग

- आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको अवधिमा यस प्रदेशका नमुना छनोटमा समेटिएका उद्योगहरुको औसत क्षमता उपयोग ४१.७ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक बर्षको सोहि अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४०.९ प्रतिशत रहेको थियो ।
- उत्पादित वस्तु अनुसार समीक्षा वर्षमा चप्पल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ७८.८ प्रतिशत रहेको छ भने वनस्पती घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ५.९ प्रतिशत रहेको छ ।
- समीक्षा अवधिमा चप्पलको उत्पादन सबैभन्दा बढी ४९ प्रतिशतले बढेको छ भने घरेलु धातुका सामान उत्पादन सबैभन्दा बढी २२.७ प्रतिशतले घटेको छ ।
- यस अध्ययनमा समेटिएका ठुला ४३ उद्योगहरुमा आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको अवधिमा कुल १७,५५८ जना श्रमिक कार्यरत रहेकोमा आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनाको अवधिमा ०.९ प्रतिशत नयाँ श्रमिकले रोजगारी पाएर जम्मा १७७२० जना कार्यरत रहेका छन् ।
- समीक्षा अवधिमा कोशी प्रदेशको कुल औद्योगिक रोजगारीमध्ये ९२.४ प्रतिशत स्वदेशी र ७.६ प्रतिशत विदेशी कामदारहरुले रोजगारी प्राप्त गरेका छन् ।
- २०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा कुल औद्योगिक कर्जा ०.५ प्रतिशतले बढेर रु.१ खर्ब २९ अर्ब ८३ करोड पुगेको छ ।

## सेवा

- २०८० पुस मसान्तसम्म यस प्रदेशमा वाणिज्य बैंकका ७५९, विकास बैंकका १९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८७० गरी जम्मा १,८६० शाखा पुगेका छन् ।
- २०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ४.१ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३८ अर्ब पुगेको तथा कूल कर्जा प्रवाहमा ४.६ प्रतिशतले कमी आई रु.५ खर्ब ३१ अर्ब कायम भएको छ ।
- २०८० असार मसान्तमा कोशी प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थाको कर्जा निक्षेप अनुपात (CD Ratio) १३२.३० प्रतिशत रहेकोमा २०८० पुस मसान्तमा यस्तो अनुपात १२१.२० प्रतिशत रहेको छ ।
- २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा नमुना छनौटमा परेका सहकारी संस्थाको कुल पुँजी ५.६ प्रतिशत, कुल बचत १५.८ प्रतिशत बढेको छ भने ऋण २.८ प्रतिशतले घटेको छ ।

- समीक्षा अवधिमा कोशी प्रदेशका नमुना छनौटमा परेका होटलहरुको औसत अकुपेन्सी दर ४४.१ प्रतिशत रहेको छ यस्तो दर अघिल्लो वर्षको सोही अवधिमा ३९.२ प्रतिशत रहेको थियो ।
- समीक्षा अवधिमा यस प्रदेशका नमुना छनौटमा परेका होटलहरुमा बाह्य पर्यटकको संख्या १.१ प्रतिशतले कमी आएको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो संख्या १५.३ प्रतिशतले बढेको थियो ।
- आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या ७.३ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या ५६.७ प्रतिशतले बढेको थियो ।
- २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तसम्म यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या २.१ प्रतिशतले वृद्धि भई ७ लाख ८० हजार ७ सय २१ पुगेको छ ।

## पूर्वाधार

- २०८० पुस मसान्तसम्ममा कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा निर्माण सम्पन्न ४३ वटा जलविद्युत आयोजनाहरुको विद्युत उत्पादन क्षमता ४७८.२५ मेगावाट रहेको छ । यी आयोजनाहरु मध्ये सोलुखुम्बु जिल्लामा निर्माण सम्पन्न भएका आयोजनाहरुको उत्पादन क्षमता सबैभन्दा बढी १९०.४ मेगावाट रहेको छ ।
- झापा जिल्लामा झापा इनर्जी प्रा.लि. ले उत्पादन गरेको १० मेगावाट सौर्य उर्जा नेपाल विद्युत प्राधिकरणको बोलो चोक सवस्टेशनमा जडान गरिएको छ ।
- कोशी (उत्तर दक्षिण) लोकमार्ग अर्न्तगतको रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना अन्तर्गतको ४९ कि.मी. ६ लेन सडक तथा विराटचोक-घिनाघाट ४ लेन सडक निर्माण कार्य अन्तिम चरणमा पुगेको छ ।

## विषय सूची


| विषय सूची | पेज नं. |
|---|---|
| **परिच्छेद १ : अध्ययन परिचय** | १ |
| १.१ पृष्ठभूमि | १ |
| १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन | १ |
| १.३ अध्ययनको सीमा | २ |
| १.४ अध्ययनको ढाँचा | ३ |
| **परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति** | ४ |
| २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा | ४ |
| २.२ अन्तरप्रदेश तुलना | ६ |
| २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती | ७ |
| **परिच्छेद ३ : कृषि क्षेत्र** | ९ |
| ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र | ९ |
| ३.२ कृषि उत्पादन | ११ |
| ३.३ पशुपन्छी तथा माछा उत्पादन | १३ |
| ३.४ वनजन्य उत्पादन | १४ |
| ३.५ सिँचाइ तथा मौसम | १४ |
| ३.६ क्षेत्रगत कृषि कर्जा | १६ |
| ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना | १७ |
| **परिच्छेद ४: उद्योग क्षेत्र** | २१ |
| ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी | २१ |
| ४.२ क्षेत्रगत औद्योगिक कर्जा | २४ |
| ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना | २५ |
| **परिच्छेद ५: सेवा क्षेत्र** | २७ |

५.१ पर्यटन २७

५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट २९

५.३ वित्तीय सेवा ३०

५.४ यातायात तथा सञ्चार ३७

५.५ सेवा क्षेत्र कर्जा ३९

५.६ सहकारी क्षेत्र ३९

५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना ४१

**परिच्छेद ६: पूर्वाधार र रोजगारी** ४२

६.१ पूर्वाधार क्षेत्र ४२

६.२ रोजगारी ४५

६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना ४६

**परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना** ४८

७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति ४८

७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति ४९

**परिच्छेद ८ : आर्थिक परिदृष्य** ५१

८.१ कृषि उत्पादन ५१

८.२ औद्योगिक उत्पादन ५१

८.३ सेवा क्षेत्र ५२

८.४ पूर्वाधार क्षेत्र ५२

# तालिकाहरुको सूची


| तालिका नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| तालिका २.१ | कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधार मूल्य) (प्रतिशत) | ४ |
| तालिका २.२ | कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | ४ |
| तालिका २.३ | कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन स्थिति | ४ |
| तालिका २.४ | राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व. २०८०/८१) (प्रतिशत) | ६ |
| तालिका २.५ | प्रदेशगत आर्थिक वृद्धि (उपभोक्ताको मूल्यमा) (प्रतिशत) | ६ |
| तालिका ३.१ | खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरुको अंश, योगदान र उत्पादकत्व | १२ |
| तालिका ३.२ | कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था | १३ |
| तालिका ३.३ | कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था | १५ |
| तालिका ४.१ | जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था | २४ |
| तालिका ४.२ | औद्योगिक कर्जाको क्षेत्रगत अवस्था | २४ |
| तालिका ५.१ | कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था | २८ |
| तालिका ५.२ | कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या | ३० |
| तालिका ५.३ | क्षेत्रगत कर्जाको अंश (प्रतिशत) | ३१ |
| तालिका ५.४ | कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा | ३२ |
| तालिका ५.५ | कुल निक्षेपमा चल्ती, बचत र मुद्दती निक्षेपको संरचना | ३३ |
| तालिका ५.६ | कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत) | ३३ |
| तालिका ५.७ | तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा | ३३ |
| तालिका ५.८ | कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण | ३४ |
| तालिका ५.९ | कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम.संख्याको जिल्लागत विवरण | ३५ |
| तालिका ५.१० | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण | ३६ |
| तालिका ५.११ | नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण | ३७ |
| तालिका ५.१२ | कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण | ३९ |
| तालिका ५.१३ | बचत तथा ऋण सहकारी संस्थाहरुको विवरण | ४० |
| तालिका ६.१ | वैदेशिक रोजगारीको लागि श्रम स्वीकृतिको जिल्लागत विवरण | ४६ |
| तालिका ७.१ | कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण | ४८ |
| तालिका ७.२ | कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति | ४९ |

# चार्टहरुको सूची


| चार्ट नं. | शीर्षक | पेज नं. |
|---|---|---|
| चार्ट २.१ | प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरण अनुसारको हिस्सा (उपभोक्ता मूल्यमा-प्रतिशत) | ५ |
| चार्ट २.२ | राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान | ५ |
| चार्ट ३.१ | प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था | ९ |
| चार्ट ३.२ | प्रमुख कृषि बालीको उत्पादन अवस्था | ११ |
| चार्ट ३.३ | कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था | १४ |
| चार्ट ३.४ | कोशी प्रदेशमा सिँचाइका स्रोतहरुको अवस्था | १५ |
| चार्ट ३.५ | क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था | १६ |
| चार्ट ३.६ | जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था | १७ |
| चार्ट ४.१ | उद्योगहरुको क्षमता उपयोगको अवस्था | २१ |
| चार्ट ४.२ | उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था | २२ |
| चार्ट ५.१ | घरजग्गा कारोबारको अवस्था | ३० |
| चार्ट ५.२ | बैंक तथा वित्तीय संस्थाका शाखाहरुको अवस्थिति (जिल्लागत रुपमा) | ३१ |
| चार्ट ५.३ | यातायातका साधनहरुको संख्या | ३८ |
| चार्ट ५.४ | कुल वितरित टेलिफोनको जिल्लागत अवस्था | ३८ |
| चार्ट ५.४ | सहकारी संस्थाहरुको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशत) | ४० |
| चार्ट ६.१ | जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता) | ४२ |
| चार्ट ७.१ | आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशका स्थानीय तहहरुको कुल प्राप्तिको संरचना | ५० |

# परिच्छेद १ : अध्ययन परिचय

## १.१ पृष्ठभूमि

मुलुकको शासकीय स्वरुप संघीय संरचनामा परिवर्तन भएपश्चात् केन्द्रीय बैंकको भूमिकालाई थप प्रभावकारी बनाई तथ्यमा आधारित नीति निर्माण गर्ने उद्देश्यले यस बैंकले प्रदेशस्थित कार्यालयहरु मार्फत प्रदेशस्तरमा कृषि, उद्योग, सेवा, पूर्वाधार, रोजगारी तथा प्रदेश र स्थानीय सरकारको वित्त स्थितिसँग सम्बन्धित तथ्याङ्क संकलन, प्रशोधन, अध्ययन र विश्लेषण गरी प्रादेशिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन प्रकाशित गर्दै आएको छ । कोशी प्रदेशका सबै १४ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, संखुवासभा, तेह्रथुम, भोजपुर, धनकुटा, सुनसरी, मोरङ, सोलुखुम्बु ओखलढुङ्गा, खोटाङ र उदयपुर) समेटेर आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने गरिएको छ । आर्थिक वर्ष २०८०/८१ को प्रस्तुत प्रथम अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (पहिलो संशोधन २०७९)" मा आधारित भएर तयार गरिएको छ ।

## १.२ प्रतिवेदन तर्जुमा विधि, संरचना र तथ्याङ्क संकलन

यस कार्यालयले कोशी प्रदेशमा रहेका १४ जिल्लाहरुको आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिना (साउनदेखि पुससम्म) को समग्र आर्थिक स्थिति सहित कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा हाँसिल भएको प्रगतिका आधारमा यो अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गरिएको छ । त्यस्तै, राष्ट्रिय अर्थतन्त्रमा कोशी प्रदेशको योगदान र क्षेत्रगत आर्थिक स्थितिको तुलनात्मक विवरण समेत प्रतिवेदनमा समावेश गरिएको छ । प्रतिवेदनमा कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रमा देखिएका सम्भावना, समस्या एवम् चुनौतीहरु समेत समावेश गरिएको छ । यसका अतिरिक्त समीक्षा अवधिको आर्थिक स्थिति तथा चालु आर्थिक वर्षको बाँकी अवधिमा प्रदेशको कृषि, उद्योग, सेवा र पूर्वाधार क्षेत्रको सम्भावित परिदृश्य समेत समावेश गरिएको छ ।

नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) अनुसार यस प्रदेशमा रहेका १४ जिल्लाहरुमध्ये ११ जिल्लाहरुमा तोकिएका सरकारी कार्यालय, उद्योग, व्यापार र सेवा प्रदायक निकायहरुमा गरिएको स्थलगत सर्वेक्षण एवम् विद्युतीय माध्यमबाट प्राप्त तथ्याङ्क र सूचना तथा अन्य ३ जिल्लाहरुबाट विद्युतीय माध्यमबाट प्राप्त तथ्याङ्क र सूचनाका आधारमा यो प्रतिवेदन तयार गरिएको छ ।

यस प्रतिवेदनमा उल्लेख गरिएका कृषिसम्बन्धी तथ्याङ्क कृषि तथा पशुपन्छी विकास मन्त्रालय एवम् सम्बन्धित जिल्लाका कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र, जलस्रोत तथा सिँचाई विकास डिभिजन कार्यालय, डिभिजन वन कार्यालयबाट संकलन गरिएको छ । यी निकायहरुबाट प्रदेशमा कृषि उपजले ढाकेको भू-क्षेत्र, कृषि उत्पादन, सिँचाई, पशुपंछी माछा तथा वनजन्य उत्पादन लगायतका तथ्याङ्कहरु संकलन गरिएको छ ।

औद्योगिक क्षेत्रतर्फ उद्योगहरुको उत्पादन, क्षमता उपयोग, रोजगारी लगायतका विवरण नमूना छनौटमा परेका ४३ उद्योगहरुको स्थलगत सर्वेक्षणबाट संकलन गरिएको छ । घरजग्गा रजिष्ट्रेसन संख्या र सो वापतको राजस्व रकम, बैंकिङ क्षेत्र अन्तर्गत कृषि, उद्योग र सेवा क्षेत्रको जिल्लागत कर्जा, निक्षेप, शाखा संख्या, पुनरकर्जा, सहुलियतपूर्ण कर्जा आदि तथ्याङ्क बैंक तथा वित्तीय संस्थाहरुले नेपाल राष्ट्र बैंकको Supervisory Information System (SIS) मा पठाएको विवरणका आधारमा तयार गरिएको छ ।

सेवा क्षेत्र अन्तर्गत पर्यटन गतिविधि सम्बन्धी विवरण नमूना छनौटमा परेका १० होटलहरुको स्थलगत सर्वेक्षणबाट प्राप्त गरिएको छ । घरजग्गा नक्सा पाससम्बन्धी तथ्याङ्क सम्बन्धित जिल्लाका नगरपालिकाहरुबाट, पूर्वाधार सम्बन्धी तथ्याङ्क यस प्रदेशका राष्ट्रिय गौरव, प्रदेश गौरव र राष्ट्रिय अर्थतन्त्रमा योगदान पुऱ्याउने आयोजनाहरुबाट लिइएको छ । यातायात सेवातर्फ, सवारी संख्यासम्बन्धी विवरण यातायात व्यवस्था कार्यालयहरुबाट लिइएको छ । सहकारी क्षेत्रको स्थिति विश्लेषण गर्न यस प्रदेशका नमूना छनौट परेका १० वटा बचत तथा ऋण सहकारी संस्थाहरुबाट तथ्याङ्क संकलन गरिएको छ ।

उल्लिखित सरकारी कार्यालय, स्थानीय तह र अन्य निजी/सार्वजनिक निकायबाट द्वितीय तथ्याङ्क संकलन गरिएको छ भने संक्षिप्त अध्ययनका लागि सम्बन्धित फर्म/कम्पनीबाट स्थलगत भ्रमण गरी प्राथमिक तथ्याङ्क संकलन गरिएको छ । तथ्याङ्क तथा सूचना संकलनको लागि इमेल, वेवसाइट तथा टेलिफोन लगायत विद्युतीय माध्यमको समेत प्रयोग गरिएको छ । प्रतिवेदनमा व्याख्यात्मक विधि (Descriptive Method) को प्रयोग गरी तथ्याङ्कको विश्लेषण गरिएको छ । विशेष गरी समीक्षा अवधिभरिमा भएको परिवर्तनलाई समेटेर प्रतिवेदनमा प्रवृत्ति विश्लेषण गरिएको छ ।

## १.३ अध्ययनको सीमा

यो अध्ययन "आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९)" ले तोकेको तथ्याङ्क प्रदायक निकायहरुबाट प्राप्त तथ्याङ्कमा आधारित रहेको छ ।। यस अध्ययनका सीमाहरु देहायबमोजिम रहेका छन् ।

- अर्ध-वार्षिक आर्थिक गतिविधि अध्ययन प्रतिवेदन तयार गर्ने प्रयोजनाको लागि कोशी प्रदेश अर्न्तगतका ११ जिल्लाको मात्र स्थलगत भ्रमण गरी तथ्याङ्क संकलन गरिएको ।
- आर्थिक गतिविधि अध्ययन प्रतिवेदनले जिल्लागत रुपमा मात्र तथ्याङ्क संकलन गरेको । कोशी प्रदेश केहि स्थानीय तह (नगरपालिका/उपमहानगरपालिका/महानगरपालिका) बाट घरनक्सा पास तथा वित्तस्थिति बाहेक स्थानीय तहको अन्य तथ्याङ्क संकलन गर्न नसकिएको ।
- आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन २०७६ (संशोधन समेत) मा तोकिएका उद्योग तथा प्रतिष्ठानहरुबाट मात्र तथ्याङ्क संकलन गरिएको अर्थात यस प्रदेशमा थप भएका महत्वपूर्ण उद्योगको उत्पादनको परिमाण तथा क्षमता उपयोगको तथ्याङ्क प्राप्त गरी विश्लेषण गर्न नसकिएको ।
- नमुना छनोटमा समावेश गरिएका होटल तथा सहकारीहरुबाट मात्र तथ्याङ्क संकलन गरी विश्लेषण गरिएको ।

## १.४ अध्ययनको ढाँचा

यो अध्ययन प्रतिवेदन नेपाल राष्ट्र बैंक, आर्थिक अनुसन्धान विभागले जारी गरेको नेपाल राष्ट्र बैंक आर्थिक गतिविधि तथा विशेष अध्ययन मार्गदर्शन, २०७६ (प्रथम संशोधन, २०७९) मा आधारित भएर तयार पारिएको छ । यो प्रतिवेदनको समग्र ढाँचा उक्त मार्गदर्शनले तोके बमोजिम रहेको छ । यस प्रतिवेदनमा ८ परिच्छेदहरु रहेका छन् ।

**परिच्छेद १ : अध्ययनको परिचय**
**परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति**
**परिच्छेद ३ : कृषि क्षेत्र**
**परिच्छेद ४ : उद्योग क्षेत्र**
**परिच्छेद ५ : सेवा क्षेत्र**
**परिच्छेद ६ : पूर्वाधार र रोजगारी**
**परिच्छेद ७ : संघीय एवम् प्रादेशिक कार्यक्रम तथा योजना**
**परिच्छेद ८ : आर्थिक परिदृश्य**

# परिच्छेद २ : प्रदेशको तुलनात्मक स्थिति

| तालिका २.१ : कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत) | | |
|---|---|---|
| क्षेत्र | २०७९/८०<sup>स</sup> | २०८०/८१<sup>प्रा</sup> |
| कृषि क्षेत्र | २.७२ | ३.०३ |
| उद्योग क्षेत्र | १.४० | १.२० |
| सेवा क्षेत्र | २.३६ | ४.५० |
| **आर्थिक वृद्धिदर** | **२.३१** | **३.५४** |

| तालिका २.२ : कुल गार्हस्थ्य उत्पादनमा क्षेत्रगत योगदान (प्रतिशत) | | |
|---|---|---|
| क्षेत्र | २०७९/८०<sup>स</sup> | २०८०/८१<sup>प्रा</sup> |
| कृषि क्षेत्र | २४.४ | २४.६ |
| उद्योग क्षेत्र | १३.१ | १२.५ |
| सेवा क्षेत्र | ६२.५ | ६२.९ |

*स: संशोधित अनुमान; प्रा: प्रारम्भिक अनुमान,*
*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

राष्ट्रिय तथ्याङ्क कार्यालयले आर्थिक वर्ष २०८०/८१ को केन्द्रीय लेखासम्बन्धी तथ्याङ्क प्रकाशित गरेको छ । आर्थिक वर्ष २०८०/८१ को प्रारम्भिक अनुमान अनुसार आर्थिक वर्ष २०८०/८१ मा नेपालको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.५७ खर्ब ४ अर्ब, आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.८७ प्रतिशत र आधारभुत मूल्यमा ३.५४ प्रतिशत रहने अनुमान रहेको छ । आ.व. २०७९/८० मा कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा १.९५ प्रतिशत र आधारभुत मूल्यमा २.३१ प्रतिशतले विस्तार भएको संसोधित अनुमान रहेको छ । उत्पादनमुलक उद्योग तथा निर्माण क्षेत्रको मूल्यवृद्धि ऋणात्मक रहेतापनि आवास तथा खाद्य सेवा, विद्युत तथा ग्यास सेवा र यातयात क्षेत्रको विस्तारले गर्दा सुधारन्मुख आर्थिक वृद्धिदरको प्रक्षेपण सो कार्यालयले गरेको छ । कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान २४.६ प्रतिशत र गैर-कृषिक्षेत्रको योगदान ७५.४ प्रतिशत रहने जसमध्ये, उद्योग क्षेत्रको योगदान १२.५ प्रतिशत तथा सेवा क्षेत्रको योगदान ६२.९ प्रतिशत रहने अनुमान रहेको छ ।

## २.१ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

### २.१.१ प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको स्थिति


| तालिका २.३ : कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको स्थिति | | | |
|---|---|---|---|
| विवरण | २०७८/७९ | २०७९/८०<sup>स</sup> | २०८०/८१<sup>प्रा</sup> |
| कुल गार्हस्थ्य उत्पादन (उपभोक्ता मूल्य रु. अर्बमा) | ७८९.७ | ८४९.० | ९०३.० |
| प्रादेशिक आर्थिक वृद्धिदर | ५.६० | २.१३ | ३.५१ |
| प्राथमिक क्षेत्रको योगदान (प्रतिशत) | ३४.० | ३३.१ | ३३.२ |
| द्वितिय क्षेत्रको योगदान (प्रतिशत) | १७.२ | १६.६ | १५.९ |
| तृतीय क्षेत्रको योगदान (प्रतिशत) | ४८.८ | ५०.३ | ५०.९ |

*स: संशोधित अनुमान, प्रा: प्रारम्भिक अनुमान*
*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

राष्ट्रिय तथ्याङ्क कार्यालयको प्रारम्भिक अनुमान अनुसार चालु आर्थिक वर्ष २०८०/८१मा कोशी प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.५१ प्रतिशत रहने र आर्थिक वर्ष २०७९/८० मा सो वृद्धिदर २.१३ प्रतिशत रहने अनुमान रहेको छ । उक्त कार्यालयले आ.व. २०८०/८१ मा यस प्रदेशको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.९ खर्ब ३ अर्ब हुने प्रारम्भिक अनुमान गरेको छ जुन राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको १५.८४ प्रतिशत हो । प्रादेशिक कुल


गार्हस्थ्य उत्पादनमा सबैभन्दा बढी योगदान कृषि, वन तथा मत्स्यपालन क्षेत्रको ३२.८ प्रतिशत रहने अनुमान छ भने सबैभन्दा कम प्रशासनिक सहयोगी सेवा क्षेत्रको ०.३ प्रतिशत योगदान रहने अनुमान छ।

**चार्ट २.१ : प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा औद्योगिक वर्गीकरण अनुसारको हिस्सा (उपभोक्ता मूल्यमा)**




*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

**चार्ट २.२ : राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (प्रारम्भिक अनुमान) २०८०/८१**




*स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय*

### २.१.२ राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत हिस्सा

राष्ट्रिय तथ्याङ्क कार्यालयको अनुसार चालु आर्थिक वर्ष २०८०/८१ को मुलुकको कुल गार्हस्थ्य उत्पादन उपभोक्ता मूल्यमा रु.५७ खर्ब ४ अर्ब हुने अनुमान छ। जसमध्ये बागमती प्रदेशको सबैभन्दा बढी ३६.३६ प्रतिशत योगदान रहँदा सबैभन्दा कम कर्णाली प्रदेशको ४ प्रतिशत रहेको छ भने कोशी प्रदेशको योगदान १५.८४ प्रतिशत रहने अनुमान कार्यालयले गरेको छ।

## २.२ अन्तरप्रदेश तुलना

### २.२.१ कृषि, उद्योग तथा सेवा क्षेत्रको स्थिति

राष्ट्रिय तथ्याङ्क कार्यालयका अनुसार मुलुकको प्राथमिक क्षेत्र, द्वितिय क्षेत्र र तृतीय क्षेत्रको क्षेत्रगत कुल उत्पादनमा कोशी प्रदेशको योगदान क्रमशः २१.४ प्रतिशत, २०.२ प्रतिशत र १२.८ प्रतिशत रहने अनुमान गरिएको छ। प्राथमिक क्षेत्रमा सबैभन्दा बढी योगदान कोशी प्रदेशको २१.४ प्रतिशत रहेको छ भने द्वितिय र तृतीय क्षेत्रमा सबैभन्दा बढी योगदान बागमती प्रदेशको क्रमश ३०.७ र ४४.८ प्रतिशत रहेको छ।

**तालिका २.४ : राष्ट्रिय अर्थतन्त्रमा प्रदेशको क्षेत्रगत योगदान (आ.व.२०८०/८१)**

| क्षेत्र | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूर पश्चिम |
|---|---|---|---|---|---|---|---|
| प्राथमिक क्षेत्रमा योगदान (प्रतिशत) | २१.४ | १८.८ | १७.७ | ९.७ | १७.५ | ५.२ | ९.६ |
| द्वितिय क्षेत्रमा योगदान (प्रतिशत) | २०.२ | ११.२ | ३०.७ | १२.१ | १५.५ | ३.३ | ७.० |
| तृतीय क्षेत्रमा योगदान (प्रतिशत) | १२.८ | ११.३ | ४४.८ | ८.२ | १२.८ | ४.१ | ६.१ |
| **कुल गार्हस्थ्य उत्पादनमा योगदान** | **१५.८** | **१३.१** | **३६.४** | **९.१** | **१४.३** | **४.३** | **७.१** |

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

### २.२.२ प्रदेशगत आर्थिक वृद्धि

**तालिका २.५ : प्रदेशगत आर्थिक वृद्धि, उपभोक्ताको मूल्यमा**

| प्रदेश | २०७९/८०स | २०८०/८१प्रा |
|---|---|---|
| कोशी | २.१३ | ३.५१ |
| मधेश | १.५० | ३.७८ |
| बागमती | १.७७ | ३.९६ |
| गण्डकी | ३.३० | ४.५५ |
| लुम्बिनी | १.९९ | ४.०५ |
| कर्णाली | १.९६ | ३.३९ |
| सुदूरपश्चिम | १.५२ | ३.४१ |

*स: संशोधित अनुमान, प्रा: प्रारम्भिक अनुमान*

*स्रोत : राष्ट्रिय तथ्याङ्क कार्यालय*

चालु आर्थिक वर्ष २०८०/८१ मा प्रदेशगत रुपमा आर्थिक वृद्धिदर गण्डकी प्रदेशको सबैभन्दा बढी ४.५५ प्रतिशत रहने अनुमान रहेको छ भने कर्णाली प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम ३.३९ प्रतिशत रहने अनुमान छ। आर्थिक वर्ष २०७९/८० मा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी ३.३० प्रतिशत रहेको थियो भने मधेस प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा कम १.५० प्रतिशत रहेको संसोधित अनुमान रहेको छ। चालु आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशको आर्थिक वृद्धिदर उपभोक्ता मूल्यमा ३.५१ प्रतिशत रहने र आर्थिक वर्ष २०७९/८० मा सो वृद्धिदर २.१३ प्रतिशत रहने संसोधित अनुमान रहेको छ।

## २.३ प्रादेशिक क्षमता, सम्भावना र चुनौती

### २.३.१ प्रादेशिक क्षमता तथा सम्भावना

- कोशी प्रदेशमा उत्पादित अर्थोडक्स चिया र सि.टि.सी. चियाले आन्तरिक बजारको ठुलो हिस्सा ओगटेको र अन्तराष्ट्रिय बजारमा निर्यात समेत हुने गरेको । चियामा प्रयोग हुने रसायनिक मल तथा विषादी कम गरी नेपाली चियालाई अन्तराष्ट्रिय बजारमा बजारिकरण र स्वदेशमा बजार प्रबर्द्धन गर्नसके चिया उत्पादन तथा उद्योगले अर्थतन्त्रमा अधिक योगदान पुऱ्याउने ।
- यस क्षेत्रमा उत्पादन हुने धान, गहुँ, मकै लगायत खाद्य बाली, अलैंची, एभोकाडो, किवी, तरकारी जस्ता नगदे बालीको उत्पादन बढाउदा व्यापार घाटा कम गर्न टेवा पुऱ्याउने सम्भावना रहेको । सो को लागि आधुनिक प्रविधिको प्रयोग, सामुहिक खेती प्रणाली, कृषि सडक पहुँच, सिँचाइ सुविधाको उपलब्धता, मलको उचित व्यवस्थापन, बजारको सुनिश्चितता तथा कृषि व्यवसायीकरण गर्न सकिने ।
- यस क्षेत्रमा रहेका औद्योगिक क्षेत्रहरुमा नियमित विद्युत आपूर्ति, कच्चा पदार्थको उपलब्धता, बजारको उचित व्यवस्थापन हुन सकेमा औद्योगिक उत्पादनहरुले आयात प्रतिस्थापन र तुलनात्मक लाभ भएका वस्तुहरु अन्तराष्ट्रिय बजारमा निर्यात गर्न सकिने ।
- कोशी प्रदेशमा रहेको धार्मिकस्थल, प्राकृतिक सुन्दरता, जैविक विविधता लगायत साहसिक खेलहरुले आन्तरिक तथा वाह्य पर्यटन मार्फत आर्थिक गतिविधि बढाउन सक्ने । यस प्रदेशले भारतीय नाका नजिक रहेका स्वास्थ्य संस्थाहरु आँखा अस्पताल, प्रसुती गृह, जेनेरल स्वास्थ्य सेवा र शिक्षा संस्थाहरु विद्यालय, विश्व विद्यालय, मेडिकल कलेज मार्फत स्वास्थ्य र शिक्षा सेवा निर्यात गरी उल्लेखिय मात्रामा भारतीय तथा विदेशी मुद्रा आर्जन गर्न सक्ने ।
- यस प्रदेशमा रहेका वन जङ्गलमा पाइने विभिन्न किसिमको जडिबुटीहरु प्रशोधन गरी आयुर्वेदिक औषधी उत्पादनसँग सम्बन्धित उद्योग स्थापना गरी उत्पादनहरु निर्यात गर्न सकिने । सो उद्योगको लागि आवश्यक कच्चा पदार्थहरु स्वदेशी वन जङ्गलमा पाइने भएकोले अन्तराष्ट्रिय बजारमा विदेशी उत्पादन भन्दा प्रतिस्पर्धात्मक क्षमता उच्च रहने ।

### २.३.२ चुनौती तथा समस्या

यस कोशी प्रदेशमा रहेको क्षमता तथा सम्भावनालाई आर्थिक वृद्धि र विकास मार्फत आर्थिक रुपान्तरण गर्न देहाय बमोजिमका चुनौतीहरु रहेका छन् ।

- प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा सेवा क्षेत्रको योगदान उच्च रहेको साथै अर्थतन्त्रको मेरुदण्ड मानिने औद्योगिक क्षेत्रको योगदान र वृद्धिदर न्यून रहेको छ । कृषिमा जनसंख्याको आवद्धता उच्च रहेता पनि अर्थतन्त्रमा यस क्षेत्रको योगदान अपेक्षितरुपमा बढ्न नसकेको, आन्तिरक लगानी खुद्रा तथा थोक व्यापार, उपभोग, घरजग्गा क्षेत्रमा

केन्द्रित रहेको तर सो क्षेत्रहरुमा न्यून Value addition हुने भएकोले अर्थतन्त्रमा संरचनागत समस्या रहदैं आएको ।


- उत्पादित वस्तु तथा सेवाहरुको मागमा कमी हुँदा बजार शृङ्खलामा Credit Cycle वा Cash Conversion Cycle मा अवरोध हुदैं गईरहेको अवस्थामा उद्योगी, व्यापारीहरुले लामो समयका लागि उधारोमा बिक्री गर्नुभन्दा उत्पादन घटाउन सक्ने भएकाले अर्थतन्त्रको थुप्रै क्षेत्रहरुको आपूर्ति शृङ्खलामा अवरोध सिर्जना हुने सक्ने जोखिम बढ्दै गएको ।
- कोशी प्रदेशको विभिन्न क्षेत्रमा हुने कृषि, तरकारी, फलफुल लगायतका उत्पादनहरुको बजार यसै प्रदेशको तराई क्षेत्र रहेको तर तराई क्षेत्रमा भारतीय बजारबाट औपचारिक तथा अनौपचारिक माध्यमबाट भित्रिने उत्पादनहरुसँग प्रतिस्पर्धा गर्नुपर्ने भएको, स्वदेशी उत्पादनको प्रतिस्पर्धात्मक क्षमता कम रहेको सम्बन्धमा अनौपचारिक माध्यमलाई पूर्णरुपमा रोक लगाई स्वदेशी कृषिजन्य उत्पादन र कृषिसँग सम्बन्धित उद्योगहरुलाई संरक्षण गर्नु ।
- कृषि पूर्वाधारहरु कृषि सडक, कृषि उपज भण्डारणका लागी आवश्यक स-साना कोल्ड रुम/च्याम्बर, कुलिङ हाउसमा उचित व्यवस्थापन नहुनाले अफ सिजनमा चर्को मूल्यमा फलफुल, तरकारी विदेशबाट आयात गर्नुपर्ने ।
- युवा वर्गहरु विदेश पलायन हुने क्रम नरोकिएकोले दक्ष तथा अदक्ष कामदारहरुको अभाव हुने, सम्पूर्ण उपभोगको लागि आयातमा निर्भर हुनुपर्ने, खेतीयोग्य जमिन बाँझै रहने, उद्योगका लागी आवश्यक कामदार भारत लगायतका मुलुकबाट ल्याउनुपरेकोले लागत बढ्ने हुँदा अर्थतन्त्रमा समग्र माग र आपूर्ति दुबै पक्षमा समस्या देखिन सक्ने ।
- धार्मिक, साहसिक, प्राकृतिक पर्यटनको सम्भावनाले भरिपूर्ण कोशी प्रदेशमा पर्यटकिय विकासको अधिक सम्भावना रहेतापनि आतिथ्य क्षेत्रमा रहेको अस्वस्थ प्रतिस्पर्धा, सहज बाटोको पहुँच नहुनु, प्रदुषण, स्तरीय स्वास्थ्य सेवाको अभाव, कम गुणस्तरको खाना तथा होटल सेवाको कारणले आन्तरिक तथा वाह्य पर्यटन अपेक्षित रुपमा बढ्न नसकेको तथा पर्यटन क्षेत्र फस्टाउन नसकेको ।
- अर्थतन्त्रमा देखिएको शिथिलताको कारणले मागमा आएको कमी, कामदारको अभाव, उद्योगहरुमा हुने विद्युत कटौती लगायतको कारणले उद्योगहरुको क्षमता उपभोगमा कमी आएको । साथै, स्वदेशी उद्योगहरु कच्चा पदार्थका लागि भारतीय बजारमा भर पर्नुपर्ने तर भारतले विभिन्न कारण देखाई निर्यातमा रोक लगाउने, नेपाली उत्पादन लक्षित आयातमा रोक लगाउने, केही वस्तुको नियार्तमा उच्च कर लगाउने गरेको कारणले यस प्रदेशमा रहेका स्वदेशी उद्योगहरुमा थप लगानी गर्ने वा बजार विस्तार गर्न उद्योगी, व्यवसायीहरु निरुत्साहित भएकोले निजहरुको विश्वासनीयता बढाउनु ।
- तुलनात्मक लाभ पहिचान नगरी अरुको देखासिकि गरी व्यापार व्यवसाय गर्ने गरेको, बजारमा प्रतिस्पर्धाको कमजोर अवस्था रही सिन्डिकेट प्रणाली हाबी भएको, हरेक क्षेत्रमा मध्यस्तकर्ताहरुले लाभ लिने गरेको र परिचालित स्रोत साधनबाट उत्पादन तथा रोजगारी सिर्जनामा अपेक्षित लाभ लिन नसक्नु ।

# परिच्छेद ३ : कृषि क्षेत्र

## ३.१ कृषि उपजले ढाकेको भू-क्षेत्र

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधि (२०८० साउनदेखि पुससम्म) मा यस प्रदेशमा समग्र कृषि बालीले ढाकेको क्षेत्रफल २.३ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ६.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कफी, फापर, जौं, केरा र तेलहनको क्षेत्रफल बढेको तथा सुर्ती, लसुन, आलु, स्याउ, अन्य फलफुल र कोदोको क्षेत्रफल घटेको छ । यस प्रदेशमा समग्र कृषि उपजले ढाकेको क्षेत्रफल मध्ये खाद्य, नगदे तथा अन्य बालीले ढाकेको क्षेत्रफलको हिस्सा ८८.६ प्रतिशत, तरकारी बालीको ४.५ प्रतिशत, फलफूलको २.४ प्रतिशत, मसला बालीको २.८ प्रतिशत र चिया तथा कफीको १.७ प्रतिशत रहेको छ । खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफलमा धान, मकै, गहुँ, र कोदो बालीले ढाकेको क्षेत्रफलको कुल हिस्सा ८३.३ प्रतिशत रहेको छ । कुल खेती गरिएको क्षेत्रफलमा सवैभन्दा धैरै धान बालीको अंश ३२.२ प्रतिशत रहेको छ ।

**चार्ट ३.१ : प्रमुख कृषि उपजले ढाकेको भू-क्षेत्रको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.१.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा यस प्रदेशमा खाद्य, नगदे तथा अन्य बालीले ढाकेको कुल क्षेत्रफल २.१ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो बालीले ढाकेको क्षेत्रफल २.१ प्रतिशतले बढेको थियो । कृषि बालीमा बाँदर तथा हात्तिले पार्ने गरेको क्षति निरन्तर बढ्दै गएको र कृषि पेसा प्रति युवा जनशक्तिको आकर्षण घटिरहेको कारणले कृषकहरुले कृषि बाली लगाउन छाडेकोले क्षेत्रफल घटेको देखिन्छ ।

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा धान, मकै तथा कोदो बालीले ढाकेको क्षेत्रफल क्रमशः २.५ प्रतिशत, १.३ प्रतिशत र ५.१ प्रतिशतले घटेको छ भने गहुँ, जौँ, तथा फापर बालीले ढाकेको क्षेत्रफल क्रमशः १.१ प्रतिशत, ७.९ प्रतिशत र ८ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा धान धान वालीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशतले घटेको तथा मकै, गहुँ, कोदो, जौँ तथा फापरले ढाकेको क्षेत्रफल क्रमशः १.७ प्रतिशत, १.४ प्रतिशत, १३.९ प्रतिशत, १.४ प्रतिशत, १८.१ प्रतिशले बढेको थियो ।

समीक्षा अवधिमा प्रमुख खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये धान, मकै, गहुँ, कोदो र आलु बालीले ढाकेको क्षेत्रफलको अंश क्रमशः ३६.३ प्रतिशत, ३२.३ प्रतिशत, ६.६ प्रतिशत, ८.२ प्रतिशत र ६.४ प्रतिशत रहेको छ । समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा धान, मकै, गहुँ, कोदो र आलुको अंश क्रमशः ३२.२ प्रतिशत, २८.६ प्रतिशत, ५.८ प्रतिशत, ७.२ प्रतिशत र ५.७ प्रतिशत रहेको छ । समीक्षा अवधिमा यस प्रदेशमा खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमध्ये झापा जिल्लामा सबैभन्दा बढी १६.९ प्रतिशत र सोलुखुम्वु जिल्लामा सबैभन्दा कम २.४ प्रतिशत क्षेत्रफल रहेको छ ।

### ३.१.२ तरकारी

समीक्षा अवधिमा तरकारी बालीले ढाकेको क्षेत्रफल १० प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल ५.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको समग्र कृषि उपजले ढाकेको क्षेत्रफलमा तरकारी बालीले ढाकेको क्षेत्रफल ४.५ प्रतिशत रहेको छ भने तरकारी बालीको कुल क्षेत्रफलमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २२.३ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम ०.७ प्रतिशत भू-भाग रहेको छ ।

### ३.१.३ फलफूल

समीक्षा अवधिमा फलफूलले ढाकेको क्षेत्रफल ०.७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल १८.१ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा फलफूल खेतीले ढाकेको क्षेत्रफल २.४ प्रतिशत रहेको छ भने फलफूल खेतीको क्षेत्रफल मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी २१ प्रतिशत र ओखलढुङ्गा जिल्लामा सबैभन्दा कम २ प्रतिशत भू-भाग रहेको छ ।

### ३.१.४ मसला बाली

समीक्षा अवधिमा मसला बालीले ढाकेको क्षेत्रफल १.५ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त क्षेत्रफल ०.३ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा मसला बालीले ढाकेको क्षेत्रफल २.८ प्रतिशत रहेको छ भने मसला बालीले ढाकेको क्षेत्रफलमध्ये इलाम जिल्लामा सबैभन्दा बढी १८.६ प्रतिशत र ओखलढुङ्गा जिल्लामा सबैभन्दा कम ०.७ प्रतिशत रहेको छ ।


### ३.१.५ चिया तथा कफी

समीक्षा अवधिमा चिया खेतीले ढाकेको क्षेत्रफल ०.२ प्रतिशत र कफीको क्षेत्रफल ३४.९ प्रतिशतका दरले बढेको छ । गत वर्षको सोही अवधिमा चियाको क्षेत्रफल १.३ प्रतिशतले घटेको र कफीको क्षेत्रफल ३२.७ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा प्रदेशको कुल कृषि उपजले ढाकेको क्षेत्रफलमा चिया तथा कफी बालीले ढाकेको क्षेत्रफल १.७ प्रतिशत रहेको छ । चिया तथा कफी खेती गरिएको कुल क्षेत्रफलमध्ये झापा र इलाम जिल्लामा मात्र ९३ प्रतिशत भू-भाग रहेको छ ।

## ३.२ कृषि उत्पादन

समीक्षा अवधिमा यस प्रदेशमा समग्र कृषि बालीको उत्पादन नगन्य (०.०३ प्रतिशत) मात्राले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ४.२ प्रतिशतले बढेको थियो । उपयुक्त समयमा वर्षा हुनु, सिँचाइको सुविधामा वृद्धि हुनु, समयमै मल उपलब्ध हुनु, उन्नत जातको बिउबिजन प्रयोग गर्नुले उत्पादकत्वमा वृद्धिभई समग्र कृषि बालीको उत्पादन बढेको देखिन्छ भने तरकारी, फलफूल लगायत कतिपय नगदे बालीको बाली लगाएको क्षेत्रफल घटेको, विदेशी वस्तुसँग प्रतिस्पर्धा गर्न नसकेको कारणले तरकारीको उत्पादन घटेको देखिएको छ ।

**चार्ट ३.२ : प्रमुख कृषि बालीको उत्पादन अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका कृषि ज्ञान केन्द्र*

### ३.२.१ खाद्य, नगदे तथा अन्य बाली

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादन २.६ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा उक्त बालीहरुको उत्पादन ३.५ प्रतिशतले बढेको थियो ।

समीक्षा अवधिमा धान, कोदो, आलु, सनपाटको उत्पादन क्रमशः ७.४ प्रतिशत, ०.९ प्रतिशत, ३ प्रतिशत र १.१ प्रतिशतले बढेको छ भने मकै, जौँ, फापर, भटमास, तेलहन र दलहनको उत्पादनमा क्रमशः ३.३ प्रतिशत, ६.९ प्रतिशत, ०.१ प्रतिशत, ४.४ प्रतिशत, ०.१ प्रतिशत र २.८ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही अवधिमा धान, मकै, कोदो, फापर, आलु र सनपाटको क्रमशः ५.७ प्रतिशत, २.९ प्रतिशत, ११.२ प्रतिशत, फापर ३४.९ प्रतिशत, २ प्रतिशत र ०.९ प्रतिशतले बढेको थियो भने जौँ, उखु, भटमास, तलहन र दलहन क्रमशः २.१ प्रतिशत, ०.३ प्रतिशत, २ प्रतिशत, ६ प्रतिशत र दलहन ३.४ प्रतिशतले घटेको थियो । यस प्रदेशमा किसानहरुले उत्पादनको लागत बमोजिम उचित मूल्य नपाउने गरेकोले जुट र उखु खेती गर्ने किसानहरुले ती बालीहरु छोड्दै गएको हुँदा उत्पादनमा ह्रास आएको हो । त्यसैगरी दलहन र तेलहन बालीमा उन्नत बिउ र मलखादको अभाव, विदेशबाट आयातित वस्तुको तुलनामा स्थानीय उत्पादन लागत प्रतिस्पर्धी हुन नसकेको आदि कारणले किसानहरुको आकर्षण घट्दै गइरहेको हुँदा उत्पादनमा कमी आएको देखिन्छ ।

**तालिका ३.१: खाद्य तथा अन्य बालीले ढाकेको क्षेत्रफलमा बालीहरुको अंश, कुल उत्पादनमा योगदान र उत्पादकत्व**

| बाली | उत्पादनमा योगदान (प्रतिशत) | ढाकेको क्षेत्रफलको अंश (प्रतिशत) | उत्पादकत्व |
|---|---|---|---|
| धान | ३८.३ | ३६.३ | ४.४ |
| मकै | २४.४ | ३२.३ | ३.२ |
| कोदो | २.८ | ८.२ | १.५ |
| आलु | २३.५ | ६.४ | १५.५ |
| अन्य | १०.९ | १६.९ | ४.५ |
| **कुल** | **१००.०** | **१००.०** | |

*स्रोतः कृषि ज्ञान केन्द्र*

समीक्षा अवधिमा यस प्रदेशमा प्रमुख खाद्य तथा अन्य बालीको उत्पादनमध्ये धान उत्पादनको अंश सबैभन्दा बढी ३८.३ प्रतिशत, मकै उत्पादनको अंश २४.४ प्रतिशत र आलु उत्पादनको अंश २३.५ प्रतिशत रहेको छ । समग्र कृषि उपजको उत्पादनमा धान बालीको अंश सबैभन्दा बढी ३०.१ प्रतिशत, मकैको अंश १९.२ प्रतिशत र आलुको अंश १८.५ प्रतिशत रहेको छ । समीक्षा अवधिमा खाद्य तथा अन्य बालीको उत्पादनमा जिल्लागत योगदानको आधारमा झापा जिल्लाको सबैभन्दा बढी २४.४ प्रतिशत र तेह्रथुम जिल्लाको सबैभन्दा कम १.९५ प्रतिशत योगदान रहेको छ ।

### ३.२.२ तरकारी

समीक्षा अवधिमा तरकारी बालीको उत्पादन १४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ८.६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा तरकारी तथा बागवानीसँग सम्बन्धित उत्पादनमा जिल्लागत रुपमा झापा जिल्लाको सबैभन्दा बढी २५.५ प्रतिशत र सोलुखुम्बु जिल्लाको सबैभन्दा कम १.२ प्रतिशत योगदान रहेको छ ।

### ३.२.३ फलफूल

समीक्षा अवधिमा फलफूलको उत्पादन १.२ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ६ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा फलफूल उत्पादनमा जिल्लागत रुपमा झापा जिल्लाको सबैभन्दा बढी ३९.८ प्रतिशत र ओखलढुङ्गा जिल्लाको सबैभन्दा कम ०.७ प्रतिशत योगदान रहेको छ ।

### ३.२.४ मसला बाली

समीक्षा अवधिमा मसलाको उत्पादन ०.७ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो उत्पादन ०.४ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा मसलासँग सम्बन्धित उत्पादनमा जिल्लागत रुपमा इलाम जिल्लाको सबैभन्दा बढी ४१.२ प्रतिशत योगदान रहेको छ ।

**तालिका नं. ३.२ : कोशी प्रदेशमा माछा र पशुजन्य उत्पादनको अवस्था**

| उत्पादन | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | वृद्धिदर |
|---|---|---|---|
| दुध (हजार लि.) | ३,४२,४१७.८ | ३,४२,८५४.५ | ०.१ |
| मासु (मे.ट) | ५०,७२०.३ | ५०,४७९.९ | -०.५ |
| अण्डा (हजार गोटा) | ९४,४३२.३ | ९४,५५२.३ | ०.१ |
| ऊन(के.जि.) | १९,७९०.१ | १९,७०३.९ | -०.४ |
| माछा उत्पादन (मे.ट.) | ५,७६५.४ | ५,९८०.४ | ३.७ |

*स्रोत : अध्ययन क्षेत्रका भेटनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र*

### ३.२.५ चिया तथा कफी

समीक्षा अवधिमा चियाको उत्पादन ०.१ प्रतिशतले घटेको छ भने कफीको उत्पादन ०.३ प्रतिशतले बढेको छ । अघिल्लो वर्षको सोही अवधिमा चियाको उत्पादन ०.१ प्रतिशतले बढेको थियो भने कफीको उत्पादन १४.५ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस प्रदेशको कुल चिया तथा कफी उत्पादनमध्ये ९५.२ प्रतिशत झापा र इलाम जिल्लामा मात्र उत्पादन भएको छ ।

## ३.३ पशुपन्छी तथा माछा उत्पादन

समीक्षा अवधिमा गत वर्षको पहिलो ६ महिनाको तुलनामा दुधको उत्पादन ०.१ प्रतिशत, अण्डाको उत्पादन ०.१ प्रतिशत र माछाको उत्पादन ३.७ प्रतिशतले वृद्धि भएको छ । त्यसैगरी समीक्षा अवधिमा मासु र ऊनको उत्पादन क्रमशः ०.५ प्रतिशत र ०.४ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा दुध, मासु, अण्डा र माछाको उत्पादन क्रमशः १.१ प्रतिशत, २.५ प्रतिशत, ३.६ प्रतिशत र ४ प्रतिशतले वृद्धि भएको थियो भने ऊनको उत्पादन १.८ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा विशेष गरेर गाईको दुध, मासु र अण्डाको मागमा आएको कमीका कारण अघिल्लो अवधिको तुलनामा उत्पादन घटेको देखिन्छ । आएका पछिल्लो समयमा व्यावसायिक रुपमा उन्नत नश्लका पशुपन्छीपालन गर्ने किसानको संख्यामा वृद्धि हुँदैगएको, उत्पादित वस्तुको बजार माग उल्लेख्य रहेको, सरकारी निकायबाट सञ्चालन भएका जोन/ब्लक कार्यक्रम, सहुलियतपूर्ण कर्जा, अनुदान, प्राविधिक सहायता, रोगव्याधी निदान जस्ता कार्यक्रमहरुले गर्दा पशुपन्छीपालन व्यवसायमा आकर्षण बढ्दै गएकोले पशुजन्य उत्पादनमा वृद्धि भएको हो ।


समीक्षा अवधिमा यस प्रदेशको दुध उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २९.१ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.३ प्रतिशत रहेको छ । मासु उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी २५.८ प्रतिशत रहेको छ भने ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम २.१ प्रतिशत रहेको छ । अण्डा उत्पादनमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी ३८.८ प्रतिशत रहेको छ भने ओखलढुङ्गा जिल्लाको अंश सबैभन्दा कम ०.६ प्रतिशत रहेको छ । त्यसैगरी ऊन तथा माछा उत्पादनमा क्रमशःसोलुखुम्बु र मोरङ जिल्लाको अंश सबैभन्दा बढी ३३.५ र ४६ प्रतिशत रहेको छ ।

## ३.४ वनजन्य उत्पादन

आर्थिक वर्ष २०७९/८० को पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा काठ उत्पादन २३.७ प्रतिशतले वृद्धि भएको छ । समीक्षा अवधिमा दाउरा उत्पादन २.७ प्रतिशतले घटेको छ भने औषधिजन्य जडीबुटी उत्पादन ६०.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा काठ र दाउराको उत्पादन क्रमशः ३३.९ प्रतिशत र ४५.३ प्रतिशतले वृद्धि भएको थियो भने औषधिजन्य जडीबुटी उत्पादन १९ प्रतिशतले घटेको थियो ।

समीक्षा अवधिमा कोशी प्रदेशका विभिन्न पहाडी जिल्लाहरुमा सडकको विस्तार हुनु, स्थानीय निकायले ठुला दश चक्के सवारीलाई काठ ढुवानीको लागि अनुमति दिनु, बजारमा काठको र अर्गेली, धसिगंरे, चिराइतो जस्ता औषधिजन्य उत्पादनको मागमा आएको वृद्धिका कारणले काठ तथा औषधिजन्य बस्तुको उत्पादन बढेको देखिन्छ ।

**चार्ट ३.३ : कोशी प्रदेशमा काठ उत्पादनको जिल्लागत अवस्था**




*स्रोतः अध्ययन क्षेत्रका डिभिजन वन कार्यालय*

## ३.५ सिँचाइ तथा मौसम

कोशी प्रदेशमा कुल खेतीयोग्य क्षेत्रफल ७ लाख ७९ हजार ५ सय ८४ हेक्टर रहेकोमा समीक्षा अवधिमा ७ लाख २ हजार ४१ हेक्टर क्षेत्रफलमा खेती गरिएको छ । कुल खेतीयोग्य क्षेत्रफलमा मोरङ जिल्लाको अंश सबैभन्दा बढी १५ प्रतिशत र ताप्लेजुङ जिल्लाको अंश सबैभन्दा कम ३.१ प्रतिशत रहेको छ ।

२०८० पुस मसान्तसम्म कोशी प्रदेशको कुल ३ लाख १५ हजार ८ सय ११ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगेको छ जुन कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा ४०.५ प्रतिशत रहेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुल खेतीयोग्य क्षेत्रफलको ३९.७ प्रतिशत भागमा यस्तो सुविधा पुगेको थियो । जिल्लाको कुल खेतीयोग्य क्षेत्रफल मध्ये सुनसरी जिल्लामा सबैभन्दा बढी ८५.१ प्रतिशत र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम १ प्रतिशत खेतीयोग्य जमिनमा


सिँचाइ सुविधा पुगेको छ । अघिल्लो आर्थिक वर्षको तुलनामा समीक्षा अवधिमा प्रदेशमा कुल सिञ्चित क्षेत्रफल ०.४ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा यस्तो क्षेत्रफल २.१ प्रतिशतले बढेको थियो ।

**तालिका ३.३ : कोशी प्रदेशमा सिँचाइको जिल्लागत अवस्था**

| जिल्ला | कुल खेतीयोग्य क्षेत्रफल (हे.) | खेती गरिएको क्षेत्रफल (हे.) | कुल सिँचित क्षेत्रफल (हे.) | कुल खेतीयोग्य क्षेत्रफलको तुलनामा सिञ्चित क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| सुनसरी | ८१७५६ | ७४३५३ | ६९६०५.५ | ८५.१ |
| उदयपुर | २८१६२ | २५७९३.७ | २१५०५ | ७६.४ |
| मोरङ | ११६९५६ | १०७५९९ | ८२५३५ | ७०.६ |
| झापा | ९८७१६ | ९०००० | ५५९६७.५ | ५६.७ |
| संखुवासभा | ३१५९६ | ३०६०० | १५३६४ | ४८.६ |
| ताप्लेजुङ | २७५५१ | २२५०० | ११२०१ | ४०.७ |
| खोटाङ | ५४७०१ | ५११६५ | १८७६३ | ३४.३ |
| पाँचथर | ६०२५७ | ५१२७१ | १३६९२ | २२.७ |
| तेह्रथुम | ३७२८२ | ३०७२९ | ६६४३ | १७.८ |
| धनकुटा | ४०७२३ | ३९८९५ | ६६६३ | १६.४ |
| इलाम | ७०३३० | ६३२९७ | ९३८२.५ | १३.३ |
| भोजपुर | ६२२९९ | ५६९६३ | ३०७८ | ४.९ |
| ओखलढुङ्गा | २३८७० | १७२४४ | ९३६ | ३.९ |
| सोलुखुम्बु | ४५३८५ | ४०६३१ | ४७५ | १.० |
| जम्मा | ७७९५८४ | ७०२०४०.७ | ३१५८११ | ३५.२(औसत) |

*स्रोतः जिल्लास्थित कृषि ज्ञान केन्द्र र जलश्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालय*

**चार्ट ३.४ : कोशी प्रदेशमा सिँचाइका स्रोतहरुको अवस्था**




*स्रोतः अध्ययन क्षेत्रका जलस्रोत तथा सिचाइ डिभिजन कार्यालय ।*


अघिल्लो आर्थिक वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा कुलोबाट सिञ्चित क्षेत्रफल ०.४ प्रतिशत, नहरबाट सिञ्चित क्षेत्रफल ०.४ प्रतिशत, पोखरीबाट सिञ्चित क्षेत्रफल ०.५ प्रतिशत, र बोरिङबाट सिञ्चित क्षेत्रफल ०.२ प्रतिशतले बढेको छ । अघिल्लो आर्थिक वर्षको सोही अवधिमा कुलो, नहर, पोखरी र बोरिङ्गबाट सिञ्चित क्षेत्रफल क्रमशः ४.२ प्रतिशत, ०.३ प्रतिशत, २.९ प्रतिशत र १ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा यस प्रदेशको कुल

सिञ्चित क्षेत्रफलमा कुलो, नहर, बोरिङ्ग तथा पोखरीको योगदान क्रमशः ४२.७ प्रतिशत, ३८.२ प्रतिशत, ३.८ प्रतिशत र १५.४ प्रतिशत रहेको छ ।

### ३.६ क्षेत्रगत कृषि कर्जा

२०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कोशी प्रदेशको कृषि क्षेत्रमा प्रवाहित कर्जा ६.१ प्रतिशतले कमी भई रु.५७ अर्ब ४३ करोड पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ६.२ प्रतिशतले बढेको थियो । समीक्षा अवधिमा कोशी प्रदेशमा रु.५ खर्ब ३१ अर्ब बराबर कुल कर्जा प्रवाह भएकोमा कृषि क्षेत्रमा प्रवाहित कर्जाको अंश १०.८ प्रतिशत रहेको छ । २०८० असार मसान्तमा कुल कर्जामा यस्तो कर्जाको अंश १०.९७ प्रतिशत रहेको थियो ।

**चार्ट ३.५ : क्षेत्रगत कृषि कर्जा प्रवाहको अवस्था**





*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८० पुस मसान्तसम्म कृषि कर्जाका विभिन्न शीर्षकहरुमा प्रवाहित कर्जा मध्ये अन्य कृषि तथा कृषिजन्य सेवामा प्रवाहित कर्जाको अंश सबैभन्दा बढी २८.५ प्रतिशत रहेको छ ।

यसैगरी, २०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाबाट कृषि क्षेत्रसँग सम्बन्धित विभिन्न शीर्षकहरुमा जिल्लागत रुपमा प्रवाहित कर्जामध्ये मोरङ जिल्लामा सबैभन्दा बढी रु.१८ अर्ब २५ करोड (३१.८ प्रतिशत) र सोलुखुम्बु जिल्लामा सबैभन्दा कम रु.२८ करोड १३ लाख (०.५ प्रतिशत) रहेको छ । २०७९ पुस मसान्तको तुलनामा समीक्षा अवधिमा कृषि क्षेत्रमा प्रवाहित कर्जा ०.८ प्रतिशतले घटेको छ भने सो अवधिमा जिल्लागत रुपमा खोटाङ

जिल्लामा सबैभन्दा बढी २२.४ प्रतिशतले कृषि कर्जामा वृद्धि भएको छ । साथै, भोजपुर जिल्लामा सवैभन्दा बढी २५.२ प्रतिशतले कृषि कर्जा घटेको छ ।

**चार्ट ३.६ : जिल्लागत कृषि कर्जा प्रवाहको अवस्था**




*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

## ३.७ कृषि क्षेत्रका चुनौती र सम्भावना

### चुनौतीहरु

कोशी प्रदेशको कृषि क्षेत्रमा पूर्व प्रतिवेदनहरुले पहिचान गरेका विगतमा रहेका चुनौतीहरु हालसम्म विद्यमान रहेका छन् साथै निम्न बमोजिमका थप चुनौतीहरु पहिचान गरिएको छ ।

### ३.७.१ कृषि बाली

- यस प्रदेशका पहाडी जिल्लाहरुमा विकराल रुपमा रहेको बाँदरको समस्याका कारण खेतबारी बाँझो राख्नुपर्ने बाध्यता रहेकोमा पालिकास्तरबाट बाँदरबाट कृषिजन्य उत्पादन जोगाउन विभिन्न उपायहरु अवलम्बन गरिएतापनि ठोस समाधान ननिस्किएकोले बाँदरको समस्या समाधानका लागि आवश्यक प्रविधिको विकास गर्नु ।
- यस प्रदेशका पहाडी जिल्लाहरुमा खेतीको लागत उच्च हुनुका साथै कृषि श्रमिकको अभाव देखिएकोले कृषि श्रमिकको उपलब्धता सुनिश्चित गर्नु ।
- कृषि क्षेत्रमा देखिने विभिन्न समस्याहरुको समयमै समाधान गर्न हरेक पालिकामा कृषि विज्ञको व्यवस्था गर्नु ।

- कृषिजन्य उत्पादनहरुमा किसानहरुले अव्यवस्थित रुपमा विषादी तथा रसायनिक मलको प्रयोग गर्ने गरेकाले यसले मानव स्वास्थ्ययमा पुऱ्याउने हानीका बारेमा किसानहरुलाई सूसुचित गरी अर्गानिक उत्पादनका लागि प्रोत्साहन गर्नु ।
- यस प्रदेशका तराईका जिल्लाहरुमा किसानहरु मकै खेती तर्फ आकर्षित भइरहेको सन्दर्भमा मकै सुकाउने मेसिनको अभावका कारण किसानहरुलाई क्षति हुने गरेकोले सोको निराकरणका लागि आवश्यक ड्रायर मेसिनहरुको आपूर्ति व्यवस्था गर्नु ।

**३.७.२ पशुपन्छी, मत्स्यपालन तथा वनजन्य उत्पादन**

- यस प्रदेशमा लामो समयदेखि दुध उत्पादन गर्ने किसानहरुले उद्योगहरुबाट दुधको भुक्तानी नपाएकोले गाईपालन व्यवसायप्रति बढ्दै गएको वितृष्णालाई कम गर्न समयमै किसानहरुले दुधको भुक्तानी पाउने वातावरण सिर्जना गर्नु ।
- नेपालबाट तेस्रो मुलुकमा दुधजन्य उत्पादन निर्यात गर्दा अनिवार्य रुपमा खोरेत उन्मुलनको प्रमाण पत्र आवश्यक पर्ने तर सो प्रमाण पत्र नेपालमा जारी नहुने हुँदा दुधजन्य उत्पादन तेस्रोमुलुकमा निर्यातमा समस्या रहेकोले सोको समाधान गर्नका लागि आवश्यक व्यवस्था गर्नु ।
- खुला सिमानाका कारण भारतीय बजारबाट अवैध तरिकाले आयात हुने माछाका कारण नेपाली माछाले मूल्य नपाउने अवस्था भएकोले भारतीय बजारबाट हुने अवैध आयात रोक्नु ।
- उन्नत जातका पशुहरुको खरिद मूल्य अधिक रहने तर सो बराबरको बीमा नहुने हुँदा पशुपालनमा जोखिम रहेकोले आवश्यक नीतिगत व्यवस्था गर्नु ।
- प्रदेशका पहाडी जिल्लाका कतिपय ठाउँहरुमा भौगोलिक विकटताका कारण काष्ठजन्य वन पैदावर संकलन गर्न नसकिएकोले उक्त स्थानहरुमा मोटरेवल बाटो निर्माण गरी वन पैदावारको संकलन गर्नु ।
- समयमा उपभोग नगरेका कारण सामुदायिक वनहरुमा रुखहरु ढली नाश भएर जाने गरेको तर देशमा आवश्यक काठजन्य वस्तुहरु आयात हुने गरेको सन्दर्भमा सामुदायिक वनहरुमा रहेको काठजन्य उत्पादनको उच्चतम परिचालन गर्नु ।
- वनमा मिचाहा प्रजातिका वनस्पतिहरुको प्रकोप बढ्न गई रुख बिरुवा तथा औषधिजन्य वनस्पतिहरुको उम्रने तथा हुर्कने दरमा कमी आउन थालेकोले समयमै मिचाहा प्रजातिको पहिचान गरी नियन्त्रण गर्नु ।

**३.७.३ सिँचाइ**

- यस प्रदेशका पहाडी जिल्लाहरुमा बाटो निर्माणका क्रममा सिँचाइको मुख्य स्रोत कुलोहरु बिग्रिएर सिँचाइ सेवा अवरुद्ध भएकोले उक्त कुलोहरुलाई पुन सुचारु गर्नु ।

- Global Warming का कारण समयमा वर्षा नभएका कारण विभिन्न कृषि बालीको उत्पादनमा असर परेकोले उक्त बालीहरुका लागि सिँचाइको वैकल्पिक स्रोतको व्यवस्था गर्नु ।

**सम्भावनाहरु**

कोशी प्रदेशको कृषि क्षेत्रमा विगतमा रहेका सम्भावनाहरुका अतिरिक्त निम्न थप सम्भाव्यताहरु समेत पहिचान गरिएको छ ।

**३.७.४ कृषि बाली**

- अन्न भण्डारको रुपमा रहेको यस प्रदेशका तराईका जिल्लाहरुमा कृषकहरुको बोरो धान खेतीप्रति आकर्षण बढेसँगै बिउ, मल तथा सिँचाइको उचित प्रवन्ध गर्न सके धानको उत्पादनमा उल्लेखिय वृद्धि हुने ।
- प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तर्गत मोरङमा रहेको धान जोनको धान सुपर जोनमा स्तरोन्नति, भोजपुर अलैँची जोन र संखुवासभा अलैँची जोनलाई एकिकृत गरी अलैँची सुपर जोनमा स्तरोन्नति, पाँचथरमा सुन्तला, इलाममा अलैँची तथा झापामा तरकारी जोन थप गरिएसँगै कृषिजन्य उत्पादनमा वृद्धि हुनुका साथै बजारीकरणमा सहयोग पुग्ने ।
- हाइटेक टनेलमा बेमौसमी तरकारी उत्पादन गर्न सकिने ।
- पछिल्लो समय नेपालीहरुमा अर्थोडक्स चियाको उपभोग गर्ने बानीको विकास हुँदै गएकोले नेपालमा उत्पादित अर्थोडक्स चिया आन्तरिक बजारमा समेत खपत हुन गई चियाको बजार विस्तार भई उत्पादनमा समेत वृद्धि हुने ।

**३.७.५ पशुपन्छी, मत्स्यपालन तथा वनजन्य उत्पादन**

- प्रदेशका पहाडी क्षेत्रमा समेत मोटरेवल बाटो तथा पुल निर्माण भएसँगै वनजन्य र पशुजन्य उत्पादनको बजारीकरणमा सहजता हुने ।
- दुधकोशी र अरुण नदी किनार क्षेत्रमा बाँसरोपण गरी आम्दानीको स्रोत बढाउन सकिने ।
- रुद्राक्ष प्रशोधनका लागि यान्त्रिक प्रविधि भित्राउनुका साथै जडिबुटी भण्डारण गृह निर्माण गरी बढी लाभ लिन सकिने ।
- यातयातको पहुँच पुगेका पहाडी जिल्लाका खाली जग्गाहरुमा मूल्यवान काठका प्रजातिहरु वृक्षारोपण गर्न तथा निजी जग्गामा जडिबुटी खेती गर्न कृषकहरुलाई प्रोत्साहन गरी काठको उत्पादनमा वृद्धि गर्न सकिने ।

**३.७.६ सिँचाइ**

- प्रदेशका पहाडी जिल्लाहरुमा नयाँ प्रविधिमा आधारित सिँचाइ (NITP) आयोजनाहरु बढ्दै जानु र उक्त आयोजनाहरु प्रभावकारी हुनु ।
- ग्रामिण विद्युतिकरणसँगै प्रदेशका पहाडी जिल्लाका सुखाग्रस्त क्षेत्रमा लिफ्टिङ प्रविधिबाट खानेपानी तथा सिँचाइ सुविधामा विस्तार हुनसक्ने ।

**बक्सः १ सावित्रा बाखा फर्म**

वि.सं. २०७० सालमा ५० हजार रुपैंयाको लगानीमा २ वटा बाखाबाट रंगेली नगरपालिका - ८ दर्बेशामा सावित्रा बाखा फर्म सञ्चालनमा आएको हो । सप्तकोशी डेभलपमेण्ट बैंकबाट ८ लाख रुपैंया ऋण लिई व्यवसयाय विस्तार गरेको फर्ममा हाल २०० भन्दा बढी उन्नत जातका बाखा, बोका, खसी र पाठापाठी रहेका छन् । फर्म सञ्चालक फणिन्द्र सुवेदीका वैदेशिक रोजगारीमा रहेका छोराहरु पनि फर्मले उल्लेखनिय प्रगति गरेपछि हाल स्वदेश फर्किएर फर्ममै कार्यरत हुनुहुन्छ । वैदेशिक रोजगारीका क्रममा गरिने परिश्रम आफ्नै फर्ममा गर्दा वैदेशिक रोजगारीबाट हुने भन्दा बढी आम्दानी हुने देखेर स्वदेश फर्किएको उहाँहरु बताउनुहुन्छ ।





फर्ममा यहि वर्षबाट १५ माउ होलिस्टेन जातका दुहुना गाई पनि थप गरिएको छ । १० कठ्ठा क्षेत्रफलमा खोर तथा गोठ निर्माण गरेको फर्मले ४ बिघामा घाँस खेती गरेको छ । आफ्नै जग्गा, १ करोड स्वलगानी र १ करोड ५० लाख ऋण लगानीमा सञ्चालनमा रहेको फर्मले ९ जनालाई प्रत्यक्ष रोजगारी दिएको छ । उन्नत जातको तीन महिनाको एउटा पाठी न्युनतम २० हजारमा बिक्री हुन्छ । त्यसैगरी बिउको लागि बोका जातिय शुद्धताका आधारमा प्रति केजी रु. एक हजार देखि रु. दुई हजारको हिसाबले र खसी जिउँदो प्रति केजी रु. छ सयका दरले फर्मबाटै बिक्री हुन्छ । माउ बाखा जिउँदो प्रति केजी रु. आठ सय देखि रु.एक हजार दुईसय सम्मका दरले बिक्री हुने गरेको छ । फर्मबाट दैनिक २०० लिटर दुध उत्पादन भईरहेकोमा १८० लिटर डेरीले र २० लिटर स्थानीयले रु.५५ प्रति लिटरका दरले फर्मबाटै खरिद गरिरहेका छन् । फर्मबाट उत्पादन हुने पाठापाठी तथा बोकाहरुको मुख्य ग्राहक कृषक, संघसंस्था, नयाँ फर्म तथा पालिकाहरु रहेका छन् भने खसी मासु व्यापारीले खरिद गर्ने गरेका छन् । फर्मको औसत मासिक आम्दानी रु. ६ लाख ३० हजार र औसत मासिक खर्च रु. ४ लाख रहेको छ । स्वरोजगार जनशक्तिको पारिश्रमिक समेत कटाएर फर्मले मासिक रु.१ लाख भन्दा बढी नाफा कमाइरहेको छ । फर्मको उत्पादनको बजारीकरणमा हालसम्म समस्या देखिएको छैन । फर्मले पाठापाठी तथा बोका बिक्रिबाट कोभिडको समयमा सबैभन्दा बढी आम्दानी गरेको देखिन्छ ।

भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रले फर्मलाई प्राविधिक परामर्श प्रदान गर्दै आइरहेको छ । पशुहरुलाई आवश्यक पर्ने कतिपय खोपको अभाव हुने गरेको देखिन्छ भने किसानहरुले आवश्यक तालिमको अवसर पाउने गरेको देखिदैन । वास्तविक किसानले नभई कागजी किसानले अनुदान पाइरहेकाले अनुदानलाई उत्पादनसँग जोड्नुका साथै उत्पादनका आधारमा व्याजमा अनुदान दिएर कृषि तथा पशुपालनमा प्रवाह हुने कर्जाको व्याजदर एकल बिन्दुमा राखेमा व्यावसायिक कृषि तथा पशुपालनमा आकर्षण बढ्न गई उत्पादनमा वृद्धि हुने फर्म सञ्चालकको राय रहेको छ । उन्नत जातका गाई तथा बाखाको मूल्य लाखौं पर्ने तर बीमा कम्पनीहरुले लागत बराबरको बीमा नगर्ने भएकोले व्यवसायमा जोखिम रहेको देखिन्छ । भारतीय खसी बोकाको अवैध आयात तथा तस्करीले पनि व्यावसायीलाई हतोत्साहित गरेको देखिन्छ ।

*स्रोतः स्थलगत सर्वेक्षण*


# परिच्छेद ४ : उद्योग क्षेत्र

## ४.१ उद्योगको क्षमता उपयोग, उत्पादन र रोजगारी

### ४.१.१ उद्योगको क्षमता उपयोग

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा यस प्रदेशका नमूना छनोटमा समेटिएका ४३ वटा उद्योगहरुको औसत क्षमता उपयोग ४१.७ प्रतिशत रहेको छ । गत आर्थिक वर्षको सोही अवधिमा उक्त उद्योगहरुको औसत क्षमता उपयोग ४०.९ प्रतिशत रहेको थियो । समीक्षा अवधिमा विशेषगरी चप्पल, टायर तथा ट्युव, जिआई तार, विस्कुट, चिनी आदि उत्पादन गर्ने उद्योगहरुको क्षमता उपयोगमा वृद्धि भएकाले उद्योगहरुको औसत क्षमता उपयोगमा समेत केही वृद्धि भएको देखिन्छ ।

**चार्ट ४.१ : उद्योगहरुको क्षमता उपयोगको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका उद्योगहरु*


समीक्षा अवधिमा सबैभन्दा बढी क्षमता उपयोग गर्ने उद्योगहरु क्रमशः चप्पल, तोरीको तेल, चाउचाउ, प्रशोधित चिया, विस्कुट र जुटका सामान उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् भने कम क्षमता उपयोग गर्ने उद्योगहरु वनस्पति घिउ, ईटा, कच्चा छाला,गार्मेण्ट र भटमासको तेल उत्पादन गर्ने समूहका उद्योगहरु रहेका छन् । चप्पल उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा बढी ७८.८ प्रतिशत रहेको छ भने वनस्पति घिउ उत्पादन गर्ने उद्योगको क्षमता उपयोग सबैभन्दा कम ५.९ प्रतिशत रहेको छ । औसतमा ५० प्रतिशत वा सो भन्दा बढी क्षमता

उपयोग गर्ने उद्योग समूहहरु जम्मा ११ ओटा रहेका छन् भने ५० प्रतिशत भन्दा कम क्षमता उपयोग गर्ने उद्योग समूहहरुको संख्या जम्मा १४ रहेको छ ।

### ४.१.२ उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा ईटाको उत्पादन सबैभन्दा बढी १२८.६ प्रतिशतले वृद्धि भएको छ भने भटमासको तेलको उत्पादन सबैभन्दा बढी ५५.८ प्रतिशतले घटेको छ । गत आर्थिक वर्षको पहिलो ६ महिनामा ईटाको उत्पादन शुन्यप्राय रहेकोमा समीक्षा अवधिमा सामान्य मात्रामा ईटाको उत्पादन भएतापनि उत्पादन वृद्धि भने उल्लेखनिय मात्रामा बढेको देखिन्छ । विगतमा नेपाली बजार भन्दा भारतिय बजारमा उत्पादन लागत बढी भएका कारण नेपालबाट भटमासको तेल निर्यात भइरहेको तर केही वर्षदेखि भारतिय बजारको उत्पादन लागत कम भएका कारण नेपालमा उत्पादित भटमासको तेल निर्यात गर्न नसकिने अवस्था भई तेल उद्योगहरु महिनामा लगभग १० दिन मात्र सञ्चालन हुँदै आइरहेका कारण भटमासको तेलको उत्पादन निरन्तर घट्न गएको देखिन्छ ।

**चार्ट ४.२ : उद्योगहरुको उत्पादन वृद्धिदरको अवस्था**




*स्रोत :अध्ययन क्षेत्रका उद्योगहरु*

अघिल्लो वर्षको पहिलो ६ महिनाको तुलनामा समीक्षा अवधिमा टायर तथा ट्युव उत्पादन ९७ प्रतिशत, पशुदानाको उत्पादन ७३.९ प्रतिशत, जि.आई तार उत्पादन ४२ प्रतिशत, चप्पल उत्पादन ३८.९ प्रतिशत, चिनी उत्पादन ३५.९ प्रतिशत, फलामे छड, पत्ति तथा सामानहरुको उत्पादन १९ प्रतिशत, वनस्पति घिउको उत्पादन १५.८ प्रतिशतले वृद्धि भएको छ भने घरेलु धातुका सामानको उत्पादन ५२.१ प्रतिशत, गार्मेण्ट उत्पादन ५०.३ प्रतिशत, सिमेण्ट ३४.९ प्रतिशत, चामल उत्पादन १७.२, सिन्थेटिक कपडा १३.२ प्रतिशत , साबुनको उत्पादनमा ९.२ प्रतिशत घटेको छ । टायर तथा ट्युव उत्पादन गर्ने उद्योगले उत्पादनमा विविधिकरण गर्दै देशभरी आपूर्ति गर्न थालेका कारण टायर तथा ट्युवको उत्पादन बढेको देखिन्छ । पशुदाना उत्पादन गर्ने उद्योगले नयाँ प्लाण्ट सञ्चालनमा ल्याएका कारण उत्पादन बढेको देखिन्छ । जि.आई. तार, चप्पल, फलामे छड तथा वनस्पति घिउ उत्पादन गर्ने उद्योगहरुको आधार अवधिको उत्पादन न्युन रहेका कारण उत्पादनमा वृद्धि भएको देखिन्छ । उखु किसानले समयमै भुक्तानी पाउन थाले सँगै उखुको उत्पादनमा वृद्धि भएका कारण चिनीको उत्पादन बढेको देखिन्छ । अनियमित विद्युत आपूर्ति, आयातित वस्तुसँगको प्रतिस्पर्धात्मक क्षमतामा कमी, दक्ष कामदारको अभाव, घरेलु बजारमा मागमा आएको कमी तथा गत वर्षको मौज्दात बाँकी रहेका कारण घरेलु धातुका सामान, गार्मेण्ट, सिन्थेटिक कपडा आदिको उत्पादन घटेको देखिन्छ । ठूला आयोजनाहरुको निर्माणले गति लिन नसक्नुका साथै सार्वजनिक निर्माणमा आएको कमीका कारण सिमेण्टको उत्पादन घटेको देखिन्छ भने भारतबाट धान आयात गरी चामल उत्पादन गर्नुपर्ने र भारतिय चामलसँगै प्रतिस्पर्धा गर्नुपर्ने भएकोले मूल्य प्रतिस्पर्धी हुन नसकेका कारण चामलको उत्पादन घटेको देखिन्छ । तयारी वस्तु र कच्चा पदार्थको भन्सार दरमा खासै अन्तर नभएकोले उत्पादन लागत बढ्न गई बाह्य उत्पादनसँग प्रतिस्पर्धा गर्न नसकेका कारण सावुनको उत्पादन घटेको देखिन्छ ।

### ४.१.३ औद्योगिक क्षेत्रमा रोजगारीको अवस्था

यस अध्ययनमा समेटिएका कोशी प्रदेशका ४३ वटा उद्योगहरुमा गत आ.व.२०७९/८० को पहिलो ६ महिनामा १७,५५८ जना श्रमिक कार्यरत रहेकोमा समीक्षा अवधिमा ती उद्योगहरुमा जम्मा १७,७२० जना श्रमिक कार्यरत रहेका छन् जुन गत वर्षको सोही अवधिको तुलनामा ०.९ प्रतिशतले बढी रहेको छ । सुनसरी र मोरङ जिल्लाका उद्योगहरुमा क्रमशः २.६ प्रतिशत र ०.२ प्रतिशतले थप रोजगारी सिर्जना भएको छ भने भने इलाम, झापा र उदयपुर जिल्लामा रहेका उद्योगहरुबाट क्रमशः १४.७ प्रतिशत, ९.४ प्रतिशत र ८.४ प्रतिशत श्रमिकले रोजगारी गुमाएका छन् ।

समीक्षा अवधिमा औद्योगिक रोजगारीमा पुरुषको संख्या ६८.४ प्रतिशत र महिलाको संख्या ३१.६ प्रतिशत रहेको छ । अध्ययन क्षेत्रका उद्योगहरुमा कुल औद्योगिक रोजगारीको ९२.४ प्रतिशत श्रमिक स्वदेशी र ७.६ प्रतिशत श्रमिक विदेशी रहेका छन् । विशेष गरी फलामको छड, पत्ति तथा सामान, ईटा, धागो र जुटका सामान उत्पादन गर्ने उद्योगहरुमा तुलनात्मक रुपमा अन्य उद्योगहरुमा भन्दा बढी अनुपातमा विदेशी कामदारहरुलाई रोजगारी प्रदान गरिएको देखिन्छ ।

**तालिका ४.१: जिल्लागत रुपमा औद्योगिक रोजगारीको अवस्था**

| जिल्लाको नाम | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | परिवर्तन | परिवर्तन प्रतिशत |
|---|---|---|---|---|
| सुनसरी | ९६८२ | ९९३४ | २५२ | २.६ |
| मोरङ | ६८६४ | ६८७६ | १२ | ०.२ |
| झापा | ५३१ | ४८१ | -५० | -९.४ |
| उदयपुर | २९७ | २७२ | -२५ | -८.४ |
| इलाम | १८४ | १५७ | -२७ | -१४.७ |
| **जम्मा** | **१७५५८** | **१७७२०** | **१६२** | **०.९** |

*स्रोत : अध्ययन क्षेत्रका उद्योगहरु*

## ४.२ क्षेत्रगत औद्योगिक कर्जा

२०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा कोशी प्रदेशमा प्रवाहित कुल औद्योगिक कर्जा ०.५ प्रतिशतले वृद्धि भई रु.१ खर्ब २९ अर्ब ८३ करोड पुगेको छ। अघिल्लो आर्थिक वर्षको सोही अवधिमा उक्त कर्जा रु.१ खर्ब २९ अर्ब १७ करोड रहेको थियो। २०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा खानी सम्बन्धी उत्पादन गर्ने उद्योगमा प्रवाहित कर्जा सबैभन्दा बढी २०.७ प्रतिशतले वृद्धि भएको हुँदा समग्र औद्योगिक कर्जा बढेको देखिन्छ भने निर्माण क्षेत्रमा प्रवाह भएको कर्जा सबैभन्दा बढी २०.५ प्रतिशतले घटेको छ।

**तालिका ४.२ : औद्योगिक कर्जाको क्षेत्रगत अवस्था**

| क्षेत्र | समीक्षा अवधिको अवस्था (रु. करोडमा) | | | २०७९ पुस मसान्तमा औद्योगिक कर्जाको अंश (प्रतिशत) | २०८० पुस मसान्तमा औद्योगिक कर्जाको अंश (प्रतिशत) |
|---|---|---|---|---|---|
| | २०८० असार | २०८० पुस | प्रतिशत परिवर्तन | | |
| **खानी सम्बन्धी** | ७६.९ | ९२.९ | २०.७ | १.२ | ०.७ |
| **कृषि, वन तथा पेय पदार्थ उत्पादन सम्बन्धी** | ४३५५.६ | ४५१५.० | ३.७ | ३१.२ | ३४.८ |
| **गैरखाद्य वस्तु उत्पादन सम्बन्धी** | ६६०१.० | ६७२३.५ | १.९ | ४९.६ | ५१.८ |
| **निर्माण** | १०६५.० | ८४६.६ | -२०.५ | ९.५ | ६.५ |
| **विद्युत, ग्यास तथा पानी** | ५६.६ | ६०.६ | ६.९ | २.३ | ०.५ |
| **धातुका उत्पादन, मेसिनरी तथा ईलेक्ट्रोनिक** | ७६२.७ | ७४४.६ | -२.४ | ६.३ | ५.७ |
| **जम्मा** | **१२९१७.९** | **१२९८३.२** | **०.५** | **१००** | **१००.०** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

औद्योगिक कर्जामध्ये सबैभन्दा ठूलो अंश गैरखाद्य वस्तु उत्पादनसम्बन्धी उद्योगको ५१.८ प्रतिशत र सबैभन्दा कम अंश खानी सम्बन्धी उद्योगको ०.७ प्रतिशत रहेको छ ।

## ४.३ औद्योगिक क्षेत्रको चुनौती र सम्भावना

### ४.३.१ चुनौतीहरु

- पछिल्लो समय यस प्रदेशका उद्योगी तथा व्यवसायीहरुमा व्यवसायिक आत्मविश्वासको कमी देखिएकाले व्यवसायीहरुमा व्यवसायिक आत्माविश्वास वृद्धि गर्नु ।
- यस प्रदेशको पहिचानको रुपमा रहेको चियाको निर्यात भारतीय बजारमा मात्र केन्द्रित हुँदा बजार जोखिम उच्च रहेको, भारतबाट बेला बेलामा निर्यातमा अवरोध सिर्जना हुने गरेकोले बजार विविधिकरण लागि विश्व बजारमा चियाको नयाँ गन्तव्य मुलुकहरुको खोजी गर्नु ।
- यस प्रदेशमा सञ्चालनमा रहेका अधिकाशं उद्योगहरु कच्चा पदार्थका लागि भारतसँग निर्भर रहनु र भारतले कच्चा पदार्थको निर्यातमा करको दर परिवर्तन गर्दा उद्योग प्रभावित हुनु ।
- नेपालमा अन्तर्राष्ट्रियस्तरमा मान्यता प्राप्त ल्यावको अभाव रहेकाले चिया उद्योगहरुले अर्गानिक सर्टिफिकेसनका लागि वर्षेनी लाखौं रुपैँया अन्तर्राष्ट्रिय कम्पनीहरुलाई बुझाउनुपर्ने र साना उद्यमीहरुले उत्पादन गरेको चिया अगार्निक भएतापनि प्रमाणिकरण गर्न नसकेकाले सस्तो मूल्यमा निर्यात गर्नुपर्ने वाध्यता रहेकोमा नेपालमै अर्न्तराष्ट्रिय स्तरको ल्याव स्थापना गरी उद्योगहरुलाई अगार्निक चिया उत्पादनका लागि प्रोत्साहन गर्नु ।
- रोजगारी तथा अध्ययनका  लागि युवाहरु विदेशिने क्रम नरोकिएसँगै यस प्रदेशमा अवस्थित उद्योगहरुमा दक्ष, अर्ध-दक्ष तथा अदक्ष  जनशक्तिको अभाव देखिएकोले औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्तिको आपूर्ति सुनिश्चित गर्नु ।
- मागमा आएको कमीका कारण यस प्रदेशमा सञ्चालनमा रहेका गाईपालन व्यवसाय संकट उन्मुख रहेको हुँदा दुधलाई कच्चा पदार्थको रुपमा उपयोग गरी उत्पादन हुने दुधजन्य उत्पादनमा विविधिकरण गर्नु  ।
- सीमावर्ती क्षेत्रहरुमा भन्सार छली यस प्रदेशका बजारहरुमा भित्रिएका वस्तुहरुसँग नेपाली बेभरेज, केमिकल लगायतका उद्योगहरुका उत्पादनले प्रतिस्पर्धा गर्न नसकी रहेको सन्दर्भमा भन्सार छली नियन्त्रण गरी यस क्षेत्रमा रहेका उद्योगहरुको संरक्षण र प्रवर्द्धन गर्नु ।
- यस प्रदेशमा रहेका उद्योगहरुमा विद्युत आपूर्ति अनियमित भई उद्योगहरुको क्षमता उपभोगमा कमी आई उत्पादन घट्ने तथा लागत बढ्न गई उत्पादित वस्तु महङ्गो पर्न जाने भएकोले विद्युत आपूर्तिलाई नियमित गर्नु ।

### ४.३.२ सम्भावनाहरु

- बैंक तथा वित्तीय सस्थामा लगानीयोग्य रकम पर्याप्त हुनका साथै बैंक तथा वित्तीय संस्थाहरुले प्रवाह गर्ने कर्जाको व्याजदरमा कमी आएसँगै मागमा वृद्धि भई औद्योगिक उत्पादन बढ्न सक्ने ।
- पहाडी जिल्लाहरुमा सुन्तला, किवी जस्ता फलफूलहरुको व्यावसायिक खेती विस्तार भइरहेको सन्दर्भमा ती वस्तुहरुमा आधारित भई जाम, चकलेट, वाइन आदि उत्पादन गर्ने उद्योगधन्दाको स्थापना गर्न सकिने ।
- यस प्रदेशका तराईका जिल्लाहरुमा हुने कृषिमा आधारित उद्योगवाट उत्पादित वस्तु सिमावर्ती भारतका बजारहरुमा बिक्री गर्न सकिने ।
- पहाडी क्षेत्रहरुका विविधतायुक्त वनस्पतिहरुले भरिपूर्ण वनक्षेत्रवाट उत्पादन हुने वन पैदावरमा आधारित विभिन्न वस्तुहरु जस्तैः कागज, गम, रंगरोगन, फर्निचरका सामग्री, औषधी आदि उत्पादन गर्ने उद्योगधन्दाको विकास गर्न सकिने ।
- एशियन हाइवेको मापदण्ड अनुरुप हुने गरी पूर्वपश्चिम राजमार्गको विस्तारको कामले तीव्रता पाए सगैं यस प्रदेशमा रहेका सिमेन्ट, ईटा, फलामे छड आदि उद्योगको उत्पादन बढ्न सक्ने ।
- नेपालमा उत्पादित आर्गानिक चियामा चीन लगायत विभिन्न मुलुकहरुको आकर्षण देखिएकाले उक्त बजार प्रबर्द्धन गर्न सके यस प्रदेशका चिया उद्योगहरुवाट उत्पादित चियाले राम्रो मूल्य पाउन सक्ने ।

# परिच्छेद ५: सेवा क्षेत्र

## ५.१ पर्यटन

### ५.१.१ होटल तथा लज $

- विश्व अर्थतन्त्रमा आएको शिथिलता तथा विश्व भू-राजनीतिक तनावका कारण वाह्य पर्यटकको आगमनमा केहि कमी आएको देखिन्छ । कोभिड-१९ महामारीले संकटग्रस्त रहेको पर्यटकस्तरीय होटल व्यवसायहरु बिस्तारै लयमा फर्कदै गर्दा आर्थिक शिथिलताको प्रभावले आन्तरिक पर्यटनमा केही असर परेको देखिन्छ ।

- समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा छनोट भएका होटलको शैया संख्या ०.२ प्रतिशतले बढेको छ भने होटलहरुको औसत अकुपेन्सी दर ४४.१ प्रतिशत रहेको छ । गत वर्षको सोही अवधिमा यस्तो अकुपेन्सी दर ३९.२ प्रतिशत रहेको थियो ।

- समीक्षा अवधिमा यस प्रदेशमा वाह्य पर्यटक आगमन संख्या १.१ प्रतिशतले कमी आएको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या १५.३ प्रतिशतले बढेको थियो ।

- समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा भारतबाट आउने पर्यटकको संख्या ०.२ प्रतिशत र तेस्रो मुलुकबाट आउने पर्यटकको संख्या २४.८ प्रतिशतले घटेको छ भने चीनबाट आउने पर्यटकको संख्या २९८.४ प्रतिशतले बढेको छ ।

- समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा पर्यटकस्तरीय होटल व्यवसायमा थप ५.९ प्रतिशतले रोजगारी प्राप्त गरेका छन् । गत वर्षको सोही अवधिमा ३.६ प्रतिशतले रोजगारीमा वृद्धि भएको थियो । हाल कोशी प्रदेशमा ३ वटा पाँच तारे होटलहरु सञ्चालनमा रहेका छन् ।

### ५.१.२ हवाई सेवा

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा कोशी प्रदेशमा समग्र जहाज उडान संख्या ७.३ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोही अवधिमा उक्त संख्या ५६.७ प्रतिशतले बढेको थियो । त्यसैगरी, समीक्षा अवधिमा यस प्रदेशका विमानस्थलबाट उडान भर्ने यात्रुको संख्या ५.८ प्रतिशतले कमी आएको छ । अघिल्लो वर्षको सोही अवधिमा यात्रु संख्या १०.८ प्रतिशतले बढेको थियो । व्यावसायिक गतिविधिमा आएको सुस्तता, बढ्दो मूल्यले दैनिक जनजीवनमा पारेको प्रभाव तथा हवाई भाडामा भएको वृद्धिका कारण हवाई उडान तथा यात्रु संख्यामा कमी आएको देखिन्छ ।

---

**$** *लगानी, सुविधा र सेवाको स्तरका आधारमा नमूना छनोट गरिएका कोशी प्रदेशका १० वटा पर्यटकस्तरीय होटल बाट प्राप्त विवरण तथा तथ्याङ्कको आधारमा विश्लेषण गरिएको ।*

**तालिका ५.१ : कोशी प्रदेशमा हवाई उडान संख्या तथा यात्रु संख्याको अवस्था**

| विवरण | अवधि | | | वृद्धिदर | |
|---|---|---|---|---|---|
| | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) |
| **हवाई जहाजको उडान संख्या** | | | | | |
| आगमन संख्या | ९०११ | १४१२४ | १३०९० | ५६.७ | -७.३ |
| निर्गमन संख्या | ९०१० | १४११८ | १३०९४ | ५६.७ | -७.३ |
| **जम्मा जहाज उडान संख्या** | **१८०२१** | **२८२४२** | **२६१८४** | **५६.७** | **-७.३** |
| **यात्रु संख्या** | | | | | |
| आगमन संख्या | २३२७२९ | ३०३६७४ | २९१५३४ | ३०.५ | -४.० |
| निर्गमन संख्या | ३३७०७९ | ३२७७७८ | ३०३५४३ | -२.८ | -७.४ |
| **समग्र यात्रु संख्या** | **५६९८०८** | **६३१४५२** | **५९५०७७** | **१०.८** | **-५.८** |

*स्रोत: नेपाल नागरिक उड्डयन प्राधिकरण*

## बक्स २ : बहेडवा थारु सामुदायिक होमस्टे







कोशी प्रदेश अन्तर्गत उदयपुर जिल्लाको त्रियुगा नगरपालिका वडा नं. १३ मा रहेको थारु समुदायका २५ घरधुरी समेटेर बहेडवा थारु सामुदायिक होमस्टे सञ्चालनमा रहेको छ । त्रियुगा नगरपालिकाको बीस हजार आर्थिक सहयोगमा वि.स. २०७८ असार २० गते बाट होमस्टे सञ्चालनमा आएको हो । उक्त होमस्टे उदयपुर जिल्लाको सदरमुकाम गाइघाट बजारबाट ३ किलोमिटर पूर्व मदनभण्डारी राजमार्गबाट १०० मिटर दक्षिणमा अवस्थित छ । भगवान सिंह चौधरीको अध्यक्षतामा सञ्चालित होमस्टेले प्रत्येक घरधुरीलाई बराबर हुने गरी पाहुना बाँडफाँड गर्दै आइरहेको छ । प्रत्येक घरमा पाहुनाका लागि २ वटा कोठा छुट्याइएको छ । एउटा कोठामा चार जनाका दरले बस्न मिल्ने व्यवस्था रहेको छ । होमस्टेमा आवद्ध प्रत्येक घरधुरीले पाहुनाबाट प्राप्त भएको आम्दानीमा लागत घटाई बाँकी रकमको १० प्रतिशत होमेस्टेव्यवस्थापन समितिलाई बुझाउनु पर्दछ  जुन रकम सांस्कृतिक भवन निर्माण प्रयोग भइरहेको छ ।

होमस्टेमा आउने पाहुनाहरुलाई बस्ती प्रवेश गर्नासाथ थारु परम्परा अनुसार स्वागत गर्ने चलन रहेको छ । यहाँ पाहुनाहरुले विशेष गरी थारु परिकारहरु बगिया, सिद्रा, घुँघी, भुजिया,उसिना चामलको भात, लोकल कुखुरा, हाँस, परेवा, लोकल रक्सी (सिमित मात्रामा) आदिको स्वाद लिन पाउछन् । होमस्टेमा स्थानीय उत्पादन बाहेकका खानेकुरा पाइदैन । होमस्टे सञ्चालन अगाडि स्थानीय उत्पादनको बिक्रिका लागि हाट बजार धाउनुपर्ने बाध्यता रहेकोमा हाल होमस्टेमा नै स्थानीय उत्पादन खपत हुने गरेको छ । होमस्टे सञ्चालनका कारण स्वरोजगार सिर्जना भई स्थानीयहरु जीविकोपार्जनका लागि काम खोज्दै हिड्नुपर्ने बाध्यता अन्त्य भएको छ ।  त्यसैगरी होमस्टेमा बास बस्ने पाहुनाहरुका लागि सांस्कृतिक कार्यक्रम सञ्चालन गर्ने गरिएकोले एकातिर थारु संस्कृतिको जर्गेनामा टेवा पुगेको छ भने अर्कोतिर स्थानीय थारु युवाहरुका लागि आय आर्जनको स्रोतको सिर्जना भई रोजगारीको लागि विदेशिनुपर्ने बाध्यतामा समेत कमी आएको देखिन्छ ।

होमस्टेमा थारु परिकारहरुको स्वाद लिन, बास बस्न, शैक्षिक भ्रमण, विभिन्न संघ संस्थाको कार्यक्रम सञ्चालन, जन्मोत्सव लगायतका लागि पाहुनाहरु आउने गरेका छन् । होमस्टेमा मासिक औसत ५०० जना पाहुनाहरु बास बस्न आउने गरेको र यो संख्या बढ्दो क्रममा रहेको देखिन्छ । होमस्टेमा पछिल्लो समय फाट्टफुट्ट विदेशी पाहुनाहरु समेत देखिन थालेका छन् । प्रति कोठा बास बसे बापत् चार सय रुपैँया र खानाको मेनु अनुसार शुल्क लिने गरेको छ । होमस्टे सञ्चालनबाट प्रति घरधुरी खर्च कटाएर मासिक १५ देखि २० हजार रुपैँया आम्दानी हुने गरेको देखिन्छ । होमस्टे सञ्चालन अघि यत्रतत्र फोहर देखिने गाउँ अहिले सफा देखिन्छ । हरेक घरमा पक्की शौचालय निर्माण गरिएको छ । पूर्वाधार पुरा भएका घरहरुलाई मात्र समितिले होमस्टे सञ्चालनका लागि अनुमति दिने गरेको छ । होमस्टे मासिक आम्दानीको भरपर्दो स्रोत भएपछि स्थानीयहरुको जीवनस्तर उक्सिएको छ । बालबालिकाहरुलाई अध्ययनका लागि निजी विद्यालयमा भर्ना गर्न थालिएको छ । सांस्कृतिक भवन निमार्णमा लागि परेका स्थानीयहरु होमस्टेबाट प्राप्त हुने १० प्रतिशतका अतिरिक्त देउसी भैलो, सांस्कृतिक कार्यक्रम, बहेलगाडा सफारी लगायतबाट स्रोत संकलन गरिरहेका छन् । उक्त भवन निर्माणमा त्रियुगा नगरपालिकाले पनि आर्थिक सहयोग गरेको छ ।


*स्रोतः स्थलगत सर्वेक्षण*

### ५.२ सार्वजनिक निर्माण तथा रियलस्टेट

समीक्षा अवधिमा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा घरजग्गा रजिष्ट्रेसन संख्या ३२.९ प्रतिशतले बढेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या ५५.६ प्रतिशतले घटेको थियो । समीक्षा अवधिमा घरजग्गा रजिष्ट्रेसन वापतको राजस्वमा १६.१ प्रतिशतले वृद्धि भई रु.१ अर्ब १९ करोड राजस्व परिचालन भएको छ । गत वर्षको सोही अवधिमा यस्तो राजस्वमा ५५ प्रतिशतले कमी भई रु.१ अर्ब ३ करोड राजस्व परिचालन भएको थियो । समीक्षा अवधिमा घर/भवन नक्सा पास संख्या ६.७ प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस्तो संख्या १०.३ प्रतिशतले घटेको थियो ।

गत वर्ष सरकारले भू-उपयोग नियमावली २०७९ जारी गरी जग्गाको वर्गीकरण गरेर मात्र कित्ताकाट गर्नुपर्ने व्यवस्था लागु गरेपश्चात् ठूला क्षेत्रफल भएका जग्गाहरुको वर्गीकरण र कित्ताकाटमा लागेको बन्देज समीक्षा अवधिमा खुल्ला गरेका कारणले घरजग्गा कारोवारमा वृद्धि भई घरजग्गा रजिष्ट्रेसन संख्या र राजस्व रकम दुवै बढेको देखिन्छ ।

**चार्ट ५.१ : घरजग्गा कारोवारको अवस्था**




*स्रोत: अध्ययन क्षेत्रका मालपोत कार्यालय तथा महानगरपालिका/उप-महानगरपालिका/नगरपालिका*

## ५.३ वित्तीय सेवा


### ५.३.१ बैंक तथा वित्तीय संस्थाका शाखा संख्या

२०८० पुस मसान्तसम्म कोशी प्रदेशमा वाणिज्य बैंकका ७५९, विकास बैंकका १९५, वित्त कम्पनीका ३६ तथा लघुवित्त वित्तीय संस्थाका ८७० गरी जम्मा १,८६० शाखाहरु रहेका छन् । यस मध्ये मोरङ जिल्लामा सबैभन्दा बढी ४५५ शाखा र ताप्लेजुङ जिल्लामा सबैभन्दा कम ३८ शाखा रहेका छन् । २०८० असार मसान्तसम्म कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाका कुल १८६३ शाखाहरु रहेका थिए ।

**तालिका ५.२ कोशी प्रदेशमा बैंक तथा वित्तीय संस्थाको शाखा संख्या**

| वर्ग | २०८० असार मसान्त | २०८० पुस मसान्त |
|---|---|---|
| वाणिज्य बैंक | ७६२ | ७५९ |
| विकास बैंक | १९४ | १९५ |
| वित्त कम्पनी | ३६ | ३६ |
| लघुवित्त वित्तीय संस्था | ८७१ | ८७० |
| **जम्मा** | **१८६३** | **१८६०** |

*स्रोत : नेपाल राष्ट्र बैंक*




*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.२ निक्षेप तथा कर्जा स्थिति

२०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा कोशी प्रदेशमा अवस्थित बैंक तथा वित्तीय संस्थाको कुल निक्षेप परिचालन ४.१ प्रतिशतले वृद्धि भई रु.४ खर्ब ३८ अर्ब पुगेको छ। २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा यस प्रदेशमा रहेका बैंक तथा वित्तीय संस्थामा रहेको कुल निक्षेपमा २०.५ प्रतिशतले वृद्धि भएको छ । पछिल्लो समय निक्षेपमा दिने व्याजदर, रेमिट्यान्स आप्रवाह, विद्युतीय कारोवारमा भएको वृद्धि, तथा बैंकिङ सेवा विस्तार भएकाले निक्षेप परिचालन बढेको देखिन्छ । २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले प्रवाह गरेको कर्जा ४.४ प्रतिशतले कमी भई रु.५ खर्ब ३१ अर्ब पुगेको छ।

**तालिका ५.३ : क्षेत्रगत कर्जाको अंश (प्रतिशत)**

| विवरण | २०७९ पुस | २०८० असार | २०८० पुस |
|---|---|---|---|
| कृषि कर्जा | १०.४ | १०.९ | १०.८ |
| औद्योगिक कर्जा | २३.० | २३.२ | २४.४ |
| सेवा कर्जा | ६६.६ | ६५.९ | ६४.८ |

*स्रोत: नेपाल राष्ट्र बैंक*

२०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा कुल कर्जा प्रवाहमा ४.६ प्रतिशतले कमी आएको छ । २०८० पुस मसान्तसम्म प्रवाहित कुल कर्जामध्ये कृषि कर्जाको हिस्सा १०.८ प्रतिशत, औद्योगिक कर्जाको हिस्सा २४.४ प्रतिशत र सेवा क्षेत्रमा प्रवाहित कर्जाको हिस्सा ६४.८ प्रतिशत रहेको छ। २०८० पुस मसान्तमा यस प्रदेशमा कर्जा निक्षेप अनुपात (CD Ratio) १२१.२ प्रतिशत रहेको छ। अघिल्लो आ. व. को पुस मसान्तमा उक्त अनुपात १५२.७ प्रतिशत रहेको थियो ।

| तालिका ५.४ कोशी प्रदेशमा निक्षेप र कर्जाको जिल्लागत हिस्सा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| जिल्ला | निक्षेप २०८० | | | | कर्जा २०८० | | | |
| | असार मसान्तसम्म | पुस मसान्तसम्म | वृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा | असार मसान्तसम्म | पुस मसान्तसम्म | वृद्धिदर प्रतिशत | जिल्लागत हिस्सा |
| ताप्लेजुङ | ६५३२.१ | ६५००.३ | -०.५ | १.३५ | २६०१.८ | २५५५.९ | -१.८ | ०.४८ |
| संखुवासभा | ८६३९.९ | ८८९२.९ | २.९ | २.०५ | ५८८५.० | ४७४९.० | -१९.३ | ०.८९ |
| सोलुखुम्बु | ८६३८.१ | ९४०९.५ | ८.९ | २.१४ | ३२०६.१ | २४२३.६ | -२४.४ | ०.४६ |
| ओखलढुङ्गा | ६१४५.१ | ६२८३.९ | २.३ | १.४५ | ५०५१.२ | ३५२३.६ | -३०.२ | ०.६६ |
| खोटाङ | ६८०३.९ | ६७२६.३ | -१.१ | १.५४ | २९९०.९ | २५०६.९ | -१६.२ | ०.४७ |
| भोजपुर | ५६०६.५ | ५८२३.० | ३.९ | १.३४ | ३२८१.१ | २५३४.२ | -२२.८ | ०.४८ |
| धनकुटा | ९९४०.३ | १०५६७.२ | ६.३ | २.४२ | ६५४४.४ | ५४०५.७ | -१७.४ | १.०२ |
| तेह्रथुम | ५१३७.५ | ५३४८.९ | ४.१ | १.२४ | २८२७.९ | २५९८.८ | -८.१ | ०.४९ |
| पाँचथर | ७९६१.२ | ८३१५.८ | ४.५ | १.९१ | ४५८९.३ | ४०९६.८ | -१०.७ | ०.७७ |
| इलाम | १६३१३.८ | १६८९४.१ | ३.६ | ३.८५ | १०६३३.४ | ९६२१.४ | -९.५ | १.८१ |
| झापा | ९२३२५.२ | ९६२६५.९ | ४.३ | २१.९४ | १२९५१२.६ | १२३८२१.५ | -४.४ | २३.२९ |
| मोरङ | १३२७९१.० | १३७७९८.२ | ३.८ | ३१.४२ | २३६३५५.० | २३५३१६.० | -०.४ | ४४.२५ |
| सुनसरी | १००५७२.० | १०५३२३.६ | ४.७ | २४.०२ | १२८०७८.९ | ११९१७९.८ | -६.९ | २२.४१ |
| उदयपुर | १४११४.८ | १४५८५.४ | ३.३ | ३.३३ | १६१२५.२ | १३४२५.९ | -१६.७ | २.५२ |
| जम्मा | ४२१५२१.४ | ४३८७३५.० | ४.१ | १००.० | ५५७६८२.८ | ५३१७५९.२ | -४.६ | १००.० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

### ५.३.३ अन्य वित्तीय विवरण

२०८० पुस मसान्तसम्म बैंक तथा वित्तीय संस्थाले यस प्रदेशमा परिचालन गरेको कुल निक्षेपमा चल्ती निक्षेपको अंश ७.३ प्रतिशत, बचत निक्षेपको अंश ४०.४ प्रतिशत, मुद्दती निक्षेपको अंश ४७.३ प्रतिशत र अन्य निक्षेपको अंश ५.० प्रतिशत रहेको छ। २०८० असार मसान्तमा कुल निक्षेपमा चल्ती निक्षेपको अंश ८.२ प्रतिशत, बचत निक्षेपको अंश ३९.६ प्रतिशत, मुद्दती निक्षेपको अंश ४६.३ प्रतिशत र अन्य निक्षेपको अंश ५.९ प्रतिशत रहेको थियो। समीक्षा अवधिमा चल्ती निक्षेप र अन्य निक्षेप रकम क्रमशः ७.४ प्रतिशत र ११.२ प्रतिशतले घटेको छ भने बचत र मुद्दती निक्षेपको रकम क्रमशः ६.३ प्रतिशत र ६.२ प्रतिशतले बढेको छ। मुद्दती निक्षेपको व्याजदर गत बर्षको व्याजदर भन्दा कम रहेका कारण बचत निक्षेप वृद्धि भएको हो भने, विप्रेषणमा आएको वृद्धि तथा बैंक तथा वित्तीय संस्था बाहेकका क्षेत्र प्रति मानिसहरुको घट्दो विश्वासका कारण मुद्दती निक्षेपमा वृद्धि भएको देखिन्छ।

| तालिका ५.५ कुल निक्षेपमा चल्ती, बचत तथा मुद्दती निक्षेपको संरचना (रु. दश लाखमा) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| विवरण | गत अवधि | | समीक्षा अवधि | | वृद्धिदर प्रतिशत | | कुल निक्षेपमा योगदान २०८० पुस |
| | २०७९ असार मसान्तसम्म | २०७९ पुस मसान्तसम्म | २०८० असार मसान्तसम्म | २०८० पुस मसान्तसम्म | गत अवधि | समीक्षा अवधि | |
| **कुल निक्षेप** | **३६६६८४.९** | **३६४१८०.५** | **४२१५२१.४** | **४३८७३५.०** | **-०.७** | **४.१** | १००.० |
| **चल्ती** | ३४८७२.७ | २८४५५.७ | ३४५५५.१ | ३१९८२.६ | **-१८.४** | **-७.४** | ७.३ |
| **बचत** | १५२००३.० | १४३०५९.१ | १६७००३.७ | १७७४६०.७ | **-५.९** | **६.३** | ४०.४ |
| **मुद्दती** | १५५२०१.१ | १७१६७५.१ | १९५३०८.४ | २०७३९०.४ | **१०.६** | **६.२** | ४७.३ |
| **अन्य** | २४६०८.२ | २०९९०.६ | २४६५४.२ | २१९०१.३ | **-१४.७** | **-११.२** | ५.० |

*स्रोतः नेपाल राष्ट्र बैंक*

यस प्रदेशमा २०७९ असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा निक्षेपकर्ताको संख्या ५.५ प्रतिशतले वृद्धि भई ७२ लाख ६२ हजार पुगेको छ भने ऋणीहरुको संख्या १३.७ प्रतिशतले कमी भई २ लाख ५४ हजार पुगेको छ । बजारमा देखिएको शिथिलताका कारण कर्जाको मागमा कमी आएको र बढ्दो निष्क्रिय कर्जाले पुँजी पर्याप्ततामा देखिएको दबाबको कारणले बैंक तथा वित्तीय संस्थाले कर्जा प्रवाह गर्न नसकेका कारण ऋणीहरुको संख्यामा कमी आएको देखिन्छ ।

| तालिका ५.६ : कुल कर्जाको तुलनामा हिस्सा (प्रतिशत) | | | |
|---|---|---|---|
| विवरण | २०७९ पुस | २०८० असार | २०८० पुस |
| **विपन्न वर्ग कर्जा** | ८.१ | ८.३ | ९.० |
| **पुनरकर्जा** | ०.०* | ०.९ | ०.०१ |
| **सहुलियतपूर्ण कर्जा** | ६.० | ५.८ | ६.२ |

*स्रोतः नेपाल राष्ट्र बैंक    * तथ्याङ्क प्राप्त नभएकोले*

| तलिका ५.७ : तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा | |
|---|---|
| विवरण | आ.व. २०८० पुस मसान्त (रु.दशलाखमा) |
| **कृषि** | **८८३५८.६** |
| **उर्जा** | **५२.५** |
| **साना तथा मझौला उद्योग** | **६०८६९.६** |
| **पर्यटन** | **७८०४.३** |
| **जम्मा** | **१५७०८४.९** |

*स्रोतः नेपाल राष्ट्र बैंक*

२०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तसम्म विपन्न वर्ग कर्जा ४.१ प्रतिशतले कमी भई रु.४७ अर्ब ८९ करोड पुगेको छ । २०७९ पुस मसान्तमा उक्त कर्जा रु.४५ अर्ब १८ करोड रहेको थियो । २०८० पुस मसान्तसम्म कुल कर्जाको तुलनामा विपन्न वर्ग कर्जाको हिस्सा ९.० प्रतिशत रहेको छ । २०८० असार मसान्तको तुलनामा पुनरकर्जा ९९.६ प्रतिशतले कमी आई १ करोड ९४ लाख पुगेको छ । २०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा सहुलियतपूर्ण कर्जा २.३ प्रतिशतले वृद्धि भई रु.३३ अर्ब १६ करोड पुगेको छ । २०७९ पुसमसान्तमा उक्त कर्जा रु.३३ अर्ब २७ करोड रहेको थियो । २०८० पुस मसान्तमा कुल कर्जामा सहुलियतपूर्ण कर्जाको हिस्सा ६.२ प्रतिशत रहेको छ ।

यस प्रदेशमा २०८० पुस मसान्तसम्म तोकिएको क्षेत्रमा प्रवाह भएको कुल कर्जा रु.१ खर्ब ५७ अर्ब ८ करोड ४९ लाख रहेको छ। तोकिएको क्षेत्रमा प्रवाह भएको कर्जा मध्ये कृषि क्षेत्रमा रु.८८ अर्ब ३५ करोड ८६ लाख, उर्जा क्षेत्रमा ५ करोड २५ लाख, साना तथा मझौला उद्योग क्षेत्रमा ६० अर्ब ८६ करोड ९६ लाख र पर्यटन क्षेत्र तर्फ ७ अर्ब ८० करोड ४३ लाख रहेको छ।

**तालिका ५.८ : कोशी प्रदेशमा प्रवाहित सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकमको विवरण (रु.दश लाखमा)**

| क्र.सं. | सहुलियतपूर्ण कर्जाको प्रकार | २०८० असार मसान्त | २०८० पुस मसान्त | वृद्धिदर | २०८० पुस मसान्त (हिस्सा) |
|---|---|---|---|---|---|
| १ | कपडा उद्योग सञ्चालनका लागि कर्जा | ४५.०५ | ६०.७ | ३४.७ | ०.२ |
| २ | CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिम | ०.० | ०.० | ०.० | ०.० |
| ३ | दलित समुदाय व्यवसाय विकास कर्जा | ४३.३० | ५५.१ | २७.३ | ०.२ |
| ४ | भुकम्प प्रभावित निजी आवास निर्माण कर्जा | ३.३१ | ५.२ | ५७.१ | ०.० |
| ५ | शिक्षित युवा स्वरोजगार कर्जा | २.८२ | ४.० | ४१.८ | ०.० |
| ६ | विदेशवाट फर्कका युवा परियोजना कर्जा | ८८.१० | ९६.९ | १०.० | ०.३ |
| ७ | उच्च र प्राविधिक/व्यावसायिकशैक्षिक कर्जा | १.४८ | १.७ | १४.९ | ०.० |
| ८ | व्यावसायिककृषि तथा पशुपन्छी कर्जा | २१,९००.३७ | २२,०३६.९ | ०.६ | ६६.५ |
| ९ | महिला उद्यमशील कर्जा | १०,३४३.८५ | १०,९०१.३ | ५.४ | ३२.९ |
| १० | युवावर्ग स्वरोजगार कर्जा | - | ०.० | ०.० | ०.० |
|  | **जम्मा** | **३२,४२८.२८** | **३३,१६१.६** | २.३ | १००.० |

*स्रोतः नेपाल राष्ट्र बैंक, सुपरिवेक्षकीय सूचना प्रणाली (SIS)*

२०८० पुस मसान्तमा कोशी प्रदेशमा कुल ए.टि.एम संख्या ६६४ पुगेको छ। यसमध्ये मोरङ जिल्लामा सबैभन्दा बढी १९४ वटा ए.टि.एम रहेका छन् भने ओखलढुङ्गा, तेह्रथुम र खोटाङ जिल्लामा सबैभन्दा कम १०/१० वटा ए.टि.एम रहेका छन्।

| तालिका ५.९ : कोशी प्रदेशमा निक्षेपकर्ता, ऋणी, बैंक शाखा र ए.टि.एम.को संख्याको जिल्लागत विवरण (२०८० पुस मसान्तसम्म) | | | | |
|---|---|---|---|---|
| जिल्ला | निक्षेपकर्ताको संख्या | ऋणीहरुको संख्या | बैंक शाखा संख्या | ए.टि.एम संख्या |
| ताप्लेजुङ | १३३३७८ | २९८३ | ३८ | ११ |
| संखुवासभा | १६८०४७ | ४४७८ | ५८ | १३ |
| सोलुखुम्बु | १३७९९५ | २२४२ | ४१ | १७ |
| ओखलढुङ्गा | १८२८४४ | ३७८२ | ५५ | १० |
| खोटाङ | १६९७२७ | ३९८७ | ४७ | १० |
| भोजपुर | १६०६७४ | ३५०७ | ५४ | १२ |
| धनकुटा | २१५४५२ | ५८९१ | ८२ | १९ |
| तेह्रथुम | ११७८६२ | ४२५३ | ४८ | १० |
| पाँचथर | २००३३२ | ४९३३ | ६८ | १४ |
| इलाम | ३५५९९० | १०८०५ | ९९ | २७ |
| झापा | १६४२६७७ | ५९७२४ | ३५८ | १४५ |
| मोरङ | १८२०२५१ | ७५५९४ | ४५५ | १९४ |
| सुनसरी | १५८९६१४ | ६२०६७ | ३४१ | १४३ |
| उदयपुर | ३६८०१३ | १०२४९ | ११६ | ३९ |
| **जम्मा** | **७२६२८५६** | **२५४४९५** | **१८६०** | **६६४** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.४ फण्ड ट्रान्सफर

आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा कोशी प्रदेशका १४ जिल्लामा रहेका १५ वटा नोटकोषमध्ये खोटाङ र उदयपुर जिल्लामा रहेका २ वटा नोटकोषमा जनकपुर कार्यालयबाट रु.१ अर्ब ६० करोड फण्ड ट्रान्सफर भएको, ओखलढुङ्गा र सोलुखुम्बु जिल्लामा रहेका २ वटा नोटकोषमा मुद्रा व्यवस्थापन विभागबाट रु. ८३ करोड २० लाख फण्ड ट्रान्सफर भएको तथा मोरङ जिल्ला बाहेकका अन्य ९ जिल्ला (ताप्लेजुङ, पाँचथर, इलाम, झापा, सुनसरी, धनकुटा, तेह्रथुम, संखुवासभा र भोजपुर) मा रहेका ११ वटा नोटकोषमा विराटनगर कार्यालयबाट रु.१० अर्ब १२ करोड १० लाख गरी कुल रु.१० अर्ब ५५ करोड ३० लाख फण्ड ट्रान्सफर भएको छ। गत वर्षको सोही अवधिमा यस प्रदेशमा रहेका नोटकोषमा मुद्रा व्यवस्थापन विभाग, जनकपुर कार्यालय र यस कार्यालयबाट गरी कुल रु.१० अर्ब ९७ करोड बराबरको फण्ड ट्रान्सफर भएको थियो ।

**तालिका ५.१० : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा गरेको फण्ड ट्रान्सफरको जिल्लागत विवरण**

| जिल्ला | नोटकोष ढुकुटीको स्वीकृत मौज्दात सीमा (रु.करोडमा) | | प्रतिशत परिवर्तन | फण्ड ट्रन्सफर (रु.करोडमा) | | प्रतिशत परिवर्तन |
|---|---|---|---|---|---|---|
| | गत अवधि | समीक्षा अवधि | | गत अवधि | समीक्षा अवधि | |
| | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) | |
| ताप्लेजुङ | ४०.० | ४०.० | ०.० | ०.० | ५४.० | ०.० |
| ओखलढुङ्गा | ३५.० | ३५.० | ०.० | ०.० | ४४.१० | ०.० |
| इलाम | ५५.० | ५५.० | ०.० | ०.० | ९५.० | ०.० |
| धनकुटा | ५०.० | ५०.० | ०.० | २३.० | ६५.५० | १८४.८ |
| भोजपुर | ४०.० | ४०.० | ०.० | ३२.० | १२.० | -६२.५ |
| झापा | १३०.० | १३०.० | ०.० | ३६०.० | ३२७.० | -९.२ |
| सोलुखुम्बु | ५०.० | ५०.० | ०.० | ०.० | ३९.१० | ०.० |
| खोटाङ | ३०.० | ३०.० | ०.० | ३०.० | २५.० | -१६.७ |
| तेह्रथुम | ४०.० | ४०.० | ०.० | ३२.० | ६२.० | ९३.८ |
| मोरङ | - | - | - | - | - | - |
| उदयपुर | ५५.० | ५५.० | ०.० | १६०.० | १३५.० | -१५.६ |
| पाँचथर | ४०.० | ४०.० | ०.० | ७६.० | ६५.५० | -१३.७ |
| संखुवासभा | ४०.० | ४०.० | ०.० | १३९.० | १७२.० | २३.७ |
| सुनसरी | ११०.० | ११०.० | ०.० | २४५.० | १५९.० | -३५.१ |
| **जम्मा** | **७१५.०** | **७१५.०** | **०.०** | **१०९७.०** | **१२५५.३०** | **१४.४** |

*स्रोत : नेपाल राष्ट्र बैंक*

### ५.३.५ विदेशी विनिमय

२०८० पुस मसान्तसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैंकबाट ५९ मनिचेञ्जर, ५ होटल, १ ट्रेकिङ्ग एजेन्सी र १ अन्य गरी ६६ एजेन्सीहरुले विदेशी मुद्रा सटहीको इजाजतपत्र प्राप्त गरेका छन् । आर्थिक वर्ष २०८०/८१ को पहिलो ६ महिनामा यस कार्यालयले बैंक तथा वित्तीय संस्थाहरु तथा अन्यबाट रु.६ करोड २ लाख बराबरको परिवर्त्य विदेशी मुद्रा खरीद गरेको छ जसमध्ये रु.२ करोड १७ लाख बराबरको अमेरिकी डलर, रु. ५६ लाख बराबरको युरो र रु.३ करोड २९ लाख बराबरको अन्य विदेशी मुद्रा रहेका छन् । समीक्षा अवधिमा यस कार्यालयले गत वर्षको सोही अवधिको तुलनामा ५६.० प्रतिशत कम विदेशी मुद्रा खरिद गरेको छ ।

| तालिका ५.११ : नेपाल राष्ट्र बैंकले कोशी प्रदेशमा खरिद गरेको परिवर्त्य विदेशी मुद्राको विवरण (रु.करोडमा) | | | |
|---|---|---|---|
| विवरण | आ.व. २०७८/७९ (साउन-पुस) | आ.व. २०७९/८० (साउन-पुस) | आ.व. २०८०/८१ (साउन-पुस) |
| अमेरिकी डलर | ७.१ | ७.० | २.१७ |
| युरो | १.३ | १.० | ०.५६ |
| अन्य | ५.५ | ५.७ | ३.२९ |
| **जम्मा** | **१३.९** | **१३.७** | **६.०२** |

*स्रोत: नेपाल राष्ट्र बैंक, विराटनगर कार्यालय*

समीक्षा अवधिमा अमेरिकी डलरको खरिद ६९.४ प्रतिशत, युरो खरिद ४५.१ प्रतिशत र अन्य मुद्रा ४१.० प्रतिशतले घटेको छ । गत वर्षको सोही अवधिमा यस बैंकले रु.१३ करोड ६८ लाख बराबरको विदेशी मुद्रा खरिद गरेको थियो । समीक्षा अवधिमा खासगरी विदेशी पर्यटकको आवागमनमा कमी आएकोले अमेरिकी र युरो खरिद घटेको छ भने वैदेशिक रोजगारीमा जाने नेपाली कामदारको संख्या वृद्धि भएको र घर फर्किएका नेपाली कामदारले साथमा बोकेर विदेशी मुद्रा ल्याउने प्रचलनमा कमी भएको कारण विदेशी मुद्रा खरिद कमी भएको देखिन्छ । बजारमा केही विदेशी मुद्राको अभाव हुँदा बैंक तथा वित्तीय संस्थाहरुले सर्वसाधारणलाई नै बिक्री गर्ने भएकोले विदेशी मुद्रा खरिदमा कमी भएको देखिन्छ ।


## ५.४ यातायात तथा सञ्चार

### ५.४.१ यातायात

२०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा यस प्रदेशमा दर्ता भएका कुल सवारी साधनको संख्या २.१ प्रतिशतले वृद्धि भई ७ लाख ८० हजार ७ सय पुगेको छ । जसमध्ये मोटरसाईकलको संख्या १.४ प्रतिशतले वृद्धि भई ६ लाख ४२ हजार ४ सय र अन्य सवारी साधनको संख्या ५.७ प्रतिशतले वृद्धि भई १ लाख ३८ हजार २ सय पुगेको छ ।

२०८० पुस मसान्तसम्म यस प्रदेशका १४ वटा जिल्लाहरुमध्ये सुनसरी, मोरङ, झापा, इलाम, उदयपुर, धनकुटा र ओखलढुङ्गा गरी ७ जिल्लाहरुबाट सवारी साधन दर्ता हुने कार्य हुँदै आएको छ । दर्ता भएका सवारी साधनमध्ये सबैभन्दा बढी ७४.० प्रतिशत सवारी साधन सुनसरी जिल्लामा दर्ता भएको देखिन्छ ।

**चार्ट ५.३ : यातायातका साधनहरुको संख्या**





*स्रोत: यातायात व्यवस्था कार्यालय र यातायात व्यवस्था सेवा कार्यालय*

## ५.४.२ सञ्चार

२०८० असार मसान्तको तुलनामा २०८० पुस मसान्तमा कोशी प्रदेशमा कुल वितरित टेलिफोन संख्यामा ४.८ प्रतिशतले वृद्धि भई यो संख्या ५० लाख ६१ हजार ३ सय ४७ पुगेको छ। २०८० असार मसान्तमा यो संख्या ४८ लाख २७ हजार ६ सय ७६ रहेको थियो । त्यसैगरी, इन्टरनेट सेवा प्रयोगकर्ताको संख्या ५.३ प्रतिशतले वृद्धि भएको छ।

**चार्ट ५.४ : कुल वितरित टेलिफोनको जिल्लागत अवस्था**




*स्रोत : नेपाल टेलिकम र एनसेल प्रा.लि.*

## ५.५ सेवा क्षेत्र कर्जा

२०८० असारमसान्तको तुलनामा २०८० पुस मसान्तसम्म यस प्रदेशमा बैंक तथा वित्तीय संस्थाले सेवा क्षेत्रमा प्रवाह गरेको कर्जा ६.२ प्रतिशतले कमी भई रु.३ खर्ब ४४ अर्ब पुगेको छ । गत वर्षको सोही अवधिमा यस्तो कर्जा ०.५ प्रतिशतले वृद्धि भएको थियो । समीक्षा अवधिमा कुल कर्जामध्ये सेवा क्षेत्रमा प्रवाहित कर्जाको अंश ६४.८ प्रतिशत रहेको छ ।

**तालिका ५.१२ : कोशी प्रदेशमा प्रवाह भएको सेवा क्षेत्र कर्जाको विवरण**

| विवरण | सेवा क्षेत्र कर्जा (रु.करोडमा) | | वृद्धिदर | २०८० पुस मसान्त (कुल सेवा कर्जामा हिस्सा) |
|---|---|---|---|---|
| | २०८० असार मसान्तसम्म | २०८० पुस मसान्तसम्म | प्रतिशतमा | |
| यातायात, भण्डारण र संचार | ७७७.३९ | ९५३.७८ | २२.७ | २.८ |
| थोक तथा खुद्रा विक्रेता | १३,२११.२० | १२४१७.०८ | -६.० | ३६.० |
| वित्त, बीमा तथा अचल सम्पत्ति | १,९९८.८४ | १९७०.५६ | -१.४ | ५.७ |
| पर्यटन | १,९२५.७२ | ११२२.९७ | -४१.७ | ३.३ |
| अन्य सेवा | १,२०८.८० | ४१४.९९ | -६५.७ | १.२ |
| स्वास्थ्यय र अन्य सामाजिक कार्य सम्बन्धी | ३६७.५५ | ५०६.४५ | ३७.८ | १.५ |
| शिक्षा | ४५३.५४ | ११२४.८७ | १४८.० | ३.३ |
| रियल स्टेट | १,१७५.३६ | १८४९.०८ | ५७.३ | ५.४ |
| उपभोग्य कर्जा | ११,७४४.९९ | १११०४.३२ | -५.५ | ३२.२ |
| अन्य | ३,८६७.७१ | २९८५.११ | -२२.८ | ८.७ |
| **जम्मा** | **३६,७३१.१** | **३४,४४९.२२** | **-६.२** | **१००** |

*स्रोत: नेपाल राष्ट्र बैंक*

२०८० पुस मसान्तसम्म कुल सेवा क्षेत्र कर्जामध्ये थोक तथा खुद्रा व्यापार शीर्षकमा सबैभन्दा बढी ३६ प्रतिशत र अन्य सेवा शीर्षकमा सबैभन्दा कम १.२ प्रतिशत कर्जा प्रवाह भएको छ । सेवा क्षेत्रमा प्रवाहित कर्जामध्ये शिक्षा सम्बन्धी कर्जा सबैभन्दा बढी १४८ प्रतिशतले वृद्धि भएको छ भने अन्य सेवा शीर्षकमा सबैभन्दा बढी ६५.७ प्रतिशतले घटेको छ ।

## ५.६ सहकारी क्षेत्र*


- २०७९ पुस मसान्तको तुलनामा २०८० पुस मसान्तमा सहकारी संस्थाको कुल पुँजी ५.६ प्रतिशतले वृद्धि भएको छ । २०७९ पुस मसान्तमा सहकारी संस्थाको पुँजी ७.५ प्रतिशतले वृद्धि भएको थियो ।
- समीक्षा अवधिमा सहकारीको कुल बचत १५.८ प्रतिशतले बढेको छ भने कुल कर्जा २.८ प्रतिशतले घटेको छ । २०७९ पुस मसान्तमा सहकारीको बचत १४.२ प्रतिशत र कर्जा ४.७ प्रतिशतले बढेको थियो ।

- समीक्षा अवधिमा सहकारी संस्थाको सदस्य संख्या ६.७ प्रतिशतले बढेको छ भने कर्मचारी संख्या २.४ प्रतिशतले घटेको छ । वार्षिक विन्दुगत आधारमा २०७९ पुस मसान्तमा सहकारी संस्थाको सदस्य संख्या १४.१ प्रतिशत र कर्मचारी संख्या २२.६ प्रतिशतले बढेको थियो ।
- सहकारी संस्थामा बैंक तथा वित्तीय संस्थाको तुलनामा निक्षेपमा बढी ब्याज पाइने, आफ्नो बसोबास गरेको स्थानमा वित्तीय सुविधा पाइने, सहज पहुँच हुने हुनाले निक्षेपमा वृद्धि भएको देखिन्छ भने कर्जा लिने प्रक्रिया छोटो र कम झन्झटिलो भएता पनि अधिक ब्याजदरका कारण सहकारी संस्थाहरुबाट प्रवाह हुने कर्जा घटेको देखिन्छ ।

**तालिका ५.१३ : बचत तथा ऋण सहकारी संस्थाहरुको विवरण**

| विवरण | जम्मा | | | | |
|---|---|---|---|---|---|
| | २०७८ पुस मसान्तसम्म | २०७९ पुस मसान्तसम्म | २०८० पुस मसान्तसम्म | गत अवधिको प्रतिशत परिवर्तन | समीक्षा अवधि प्रतिशत परिवर्तन |
| कुल पूँजी | ६०१८.३ | ६४६७.६ | ६८३०.५ | ७.५ | ५.६ |
| कुल बचत | १८७१६.० | २१३७८.५ | २४७६६.६ | १४.२ | १५.८ |
| कुल ऋण | २६९७७.८ | २८२४३.७ | २७४६४.३ | ४.७ | -२.८ |
| सदस्य संख्या | ३४७२५२ | ३९६३०७ | ४२२८८२ | १४.१ | ६.७ |
| कर्मचारी संख्या | १६२६ | १९९३ | १९४५ | २२.६ | -२.४ |

**चार्ट ५.५ सहकारी संस्थाहरुको पुँजी, बचत र ऋण लगानीको वृद्धिदर (प्रतिशतमा)**




*स्रोत: अध्ययन क्षेत्रका सहकारी संस्थाहरु*

**यस प्रदेशको प्रदेश सहकारी रजिष्ट्रार कार्यालयमा दर्ता भएका बचत तथा ऋण सहकारी संस्थाहरुमध्ये ऋण लगानीका आधारमा नमूना छनौट गरिएका १० वटा ठुला बचत तथा ऋण सहकारी संस्थाबाट प्राप्त विवरणको आधारमा सहकारी क्षेत्रको अवस्था विश्लेषण गरिएको छ ।*

## ५.७ सेवा क्षेत्रको चुनौती र सम्भावना

### ५.७.१ चुनौतीहरु

- हाल बचत तथा ऋण सहकारी संस्थामा देखिएको समस्याहरुको समाधान गर्नु ।
- यस प्रदेशका प्राकृतिक, ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक सम्पदाहरुको संरक्षण र संवर्द्धन मार्फत पर्यटकिय स्थलहरुको प्रर्वद्धन गर्नु तथा आन्तरिक र वाह्य पर्यटकलाई आकर्षित गरी पर्यटकहरुको बसाई अवधि लम्बाउनु ।
- घट्दो ब्याजदरका कारण निक्षेपकर्ताहरुमा आएको निरासाले हुन सक्ने निक्षेप पलायनलाई रोक्नु ।
- बढ्दो सुचना प्रविधिको विकाससँगै देखिएको बैंकिङकसुरजन्य वित्तीय अपराधका घटनाहरुलाई न्यूनीकरण गर्न तथा आम मानिसमा वित्तीय चेतना अभिवृद्धि गर्न स्थानीय तहहरु तथा बैंक तथा वित्तीय संस्थाहरुको संयुक्त अगुवाईमा सचेतनाका कार्यक्रमहरु सञ्चालन गर्नु ।
- डिजिटल बैंकिङको विकाससँगै सर्वसाधारणमा डिजिटल वित्तीय साक्षरता अभिवृद्धि गरी विभिन्न माध्यमबाट हुने ठगी तथा अपराध न्यूनीकरण गर्नु ।

### ५.७.२ सम्भावनाहरु

- विराटनगरमा सुविधासम्पन्न आँखा अस्पतालहरु सञ्चालनमा आएसँगै भारतबाट आँखाको उपचार गर्न आउने बिरामीको संख्या बढ्न गई आय आर्जन तथा रोजगारीमा वृद्धि हुने ।
- बैंक तथा वित्तीय संस्थाले प्रवाह गर्ने कर्जाको ब्याजदरमा कमी भई पर्यटन पूर्वाधारमा लगानी बढ्न गई पर्यटन क्षेत्र चलायमान हुने ।
- हलेसी, बराहक्षेत्र, पाथीभरा लगायतका धार्मिक स्थलसम्मको पहुँच मार्ग सहज भए सँगै आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा वृद्धि हुने ।
- नेपालीहरुमा पछिल्लो समय पदयात्रामा आर्कषण बढेसँगै सगरमाथा आधार शिविर, मकालु आधार शिविर, कञ्चनजंगा आधार शिविर लगायतका स्थानमा आन्तरिक पर्यटकको संख्यामा वृद्धि हुन जाने ।
- यस प्रदेशमा रहेका शिक्षण तथा अन्य ठुला अस्पतालहरुले सेवा विस्तार तथा विविधिकरण गर्दै गएकोले उपचारका लागि काठमाडौँ तथा भारत जानुपर्ने वाध्यताको अन्त्य हुने ।
- यस प्रदेशमा रहेका सामुदायिक विद्यालयहरुमा भएको सुधारले विद्यार्थीहरुले कम शुल्कमा गुणस्तरिय शिक्षा आर्जन गर्न सक्ने ।


# परिच्छेद ६: पूर्वाधार र रोजगारी

## ६.१ पूर्वाधार क्षेत्र

कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा निर्माण सम्पन्न ४३ वटा जलविद्युत आयोजनाहरुको उत्पादन क्षमता ४७८.२५ मेगावाट रहेको छ । त्यसैगरी मोरङ जिल्लामा ग्रिड कनेक्टेड सोलार आयोजनाबाट ६.८ मेगावाट र झापा जिल्लामा झापा इनर्जी लिमिटेडबाट १० मेगावाट विद्युत उत्पादन भइरहेको छ । कोशी प्रदेशमा सञ्चालित आयोजनाहरुको कुल उत्पादन क्षमता ४९५.०५ मेगावाट रहेको छ ।

कोशी प्रदेशमा सञ्चालित जलविद्युत आयोजनामध्ये सोलुखुम्बु जिल्लामा सञ्चालित जलविद्युत आयोजनाहरुको सबैभन्दा बढी १९०.४ मे.वा. विद्युत उत्पादन क्षमता रहेको छ । यस प्रदेशका जिल्लाहरुमध्ये इलाममा १६ वटा, संखुवासभामा ७ वटा, सोलुखुम्बुमा ६ वटा, पाँचथरमा ५ वटा, खोटाङमा ३ वटा , ताप्लेजुङ र भोजपुरमा २/२ वटा र तेह्रथुम र ओखलढुङ्गामा १/१ वटा जलविद्युत आयोजना रहेका छन् भने झापा र मोरङमा १/१ वटा सोलार विद्युत आयोजना रहेका छन् ।

चार्ट ६.१ :जिल्लागत विद्युत उत्पादनको अवस्था (जडित क्षमता)




स्रोत : नेपाल विद्युत प्राधिकरण

**कोशी प्रदेशमा अवस्थित अर्थतन्त्रमा प्रभाव पार्ने ठुला आयोजना**

**१. अरुण तेस्रो जलविद्युत आयोजना**

अरुण तेस्रो जलविद्युत आयोजना अन्तर्गत अरुण तेस्रो जलविद्युत आयोजना र अरुण तेस्रो जलविद्युत आयोजना प्रसारणलाइन निर्माण गरी दुई वटा आयोजना रहेका छन् । दुईवटा आयोजनाको कुल अनुमानित लागत रु. १ खर्ब ४५ अर्ब रहेको छ ।

**अरुण तेस्रो जलविद्युत आयोजनाको** निर्माण कार्य वि.सं. २०७५ वैशाखबाट प्रारम्भ भई वि.सं.२०८१ माघसम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । कुल विद्युत उत्पादन क्षमता ९०० मे.वा. रहेको यस आयोजनाको २०८० पुस मसान्तसम्मको भौतिक र वित्तीय प्रगति क्रमशः ७३.२० प्रतिशत र ७४.५८ प्रतिशत रहेको छ । यस आयोजनामा स्वदेशी १८७३ र विदेशी १७५३ गरी गरी कुल ३६२६ कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**अरुण तेस्रो जलविद्युत आयोजना ४०० के.भी. प्रसारण लाइन निर्माणको** कार्य वि.सं.२०७६ माघबाट प्रारम्भ भई वि.सं. २०८१ माघमा सम्पन्न गर्ने लक्ष्य रहेको छ। संखुवासभा, भोजपुर, खोटाङ, उदयपुर, सिराहा, धनुषा, महोत्तरी जिल्ला अन्तर्गत पर्ने यस आयोजनाको वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः १६.८ प्रतिशत र ५२.२४ प्रतिशत रहेको छ । उक्त आयोजनाबाट स्वदेशी १३९ र विदेशी १७२ गरी कुल ३११ जना कामदारले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### २. कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण

कोशी कोरिडोर २२० के.भी. प्रसारण लाइन तथा सवस्टेसन निर्माण अन्तर्गत ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना, तुम्लिङटार-बानेश्वर-वसन्तपुर-इनरुवा २२० के.भी. सवस्टेसन र वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइन र सव-स्टेशन, वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी. प्रसारण लाइनको दोस्रो सर्किट र वसन्तपुर सव–स्टेशनमा बे एक्सटेन्सन गरी ४ वटा आयोजनाहरु रहेका छन् ।

**ईनरुवा–वसन्तपुर–बानेश्वर–तुम्लिङटार २२० के.भी. प्रसारण लाइन आयोजना**को निर्माण कार्य सन् २०१६ जुनबाट प्रारम्भ भई २०२२ सेप्टेम्बरबाट सञ्चालनमा आइसकेको छ । **तुम्लिङटार–बानेश्वर–वसन्तपुर–इनरुवा गरी ३ वटा सव स्टेशन र १ बे थप्ने कार्य (स्टेप अप डाउन क्षमता ५५० M.V.A.) को** निर्माण कार्य सन् २०१८ अक्टोवरबाट प्रारम्भ भएको हो जसको कुल अनुमानित लागत २ करोड ६० लाख अमेरिकी डलर रहेको छ । यस आयोजनाको वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक कार्य सम्पन्न भइसकेको छ भने वित्तीय प्रगति ९२.० प्रतिशत रहेको छ ।

कोशी कोरिडोर अन्तर्गत ३५ कि.मि. लम्बाइ रहेको **वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी.प्रसारण लाइन र सव-स्टेसनको** निर्माण कार्य सन् २०१८ जुनबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत २ करोड १० लाख अमेरिकी डलर रहेको यस आयोजना सन् २०२४ मे सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९९.० प्रतिशत र ९१.० प्रतिशत रहेको छ ।

**वसन्तपुर-ताप्लेजुङ (ढुंगेसाँघु) २२० के.भी.प्रसारण लाइनको दोस्रो सर्किट र बसन्तपुर सव-स्टेसनमा बे एक्सटेन्सन** को निर्माण कार्य २०२२ नोभेम्बरबाट प्रारम्भ भएको हो । कुल अनुमानित लागत नेपाली रुपैंया ६६.६ करोड रहेको यस आयोजना सन् २०२४ अप्रिल सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४५.० प्रतिशत र ५२.० प्रतिशत रहेको छ। यस आयोजनामा हाल ५० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ३. कुशाहा–विराटनगर कोरिडोर १३२ के.भी. प्रसारण लाइन आयोजना

यस आयोजनाको निर्माण कार्य आ.व.२०७३/७४ बाट प्रारम्भ भई आ.व.२०८१/८२ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको छ । यस आयोजनाको अनुमानित कुल लागत रु.१ अर्ब ९२ करोड रहेको छ । आयोजनाको वि.सं. २०८० पुस

मसान्तसम्मको भौतिक प्रगति ५८.९ प्रतिशत तथा वित्तीय प्रगति ६१.८ प्रतिशत रहेको छ । २३ कि.मि.लम्बाइ भएको १३२ के.भी प्रसारण लाईनको यस आयोजनामा हाल १६ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ४. पुष्पलाल मध्यपहाडी लोकमार्ग

राष्ट्रिय गौरवको आयोजनाको रुपमा रहेको पुष्पलाल मध्यपहाडी लोकमार्गको कोशी प्रदेश अन्तर्गत कुल लम्बाइ ४९३.७ कि.मि. रहेको छ । यो आयोजना दुई खण्डमा विभाजन गरेर निर्माण कार्य भइरहेको छ ।

यस लोकमार्गको **पहिलो खण्ड** पाँचथर, तेह्रथुम, धनकुटा र भोजपुर जिल्लामा पर्दछ । आ.व.२०७५/७६ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ३८१.७ किलोमिटर तथा कुल अनुमानित लागत रु.१० अर्ब रहेको छ । यस खण्डको वि.सं. २०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७१ प्रतिशत तथा ७०.३ प्रतिशत रहेको छ ।

त्यसैगरी, यस लोकमार्गको **दोस्रो खण्ड** खोटाङ, ओखलढुङ्गा र उदयपुर जिल्लामा पर्दछ । आ.व.२०७१/७२ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्वाई ११२ किलोमिटर रहेको छ । कुल अनुमानित लागत रु.६६ करोड रहेको यस खण्डको आ.व.२०८०/८१ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेकोमा वि.सं.२०८० पुस मसान्तसम्मको सडकतर्फको भौतिक तथा वित्तीय प्रगति ६५ प्रतिशत रहेको छ । यस आयोजनामा हाल ७०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ५. हुलाकी राजमार्ग

कोशी प्रदेशको झापा, मोरङ र सुनसरी तथा मधेश प्रदेशको सप्तरी जिल्ला अन्तर्गत रहेको हुलाकी राजमार्गको कुल लम्बाइ ३३५ किलोमिटर रहेको छ । यस खण्ड अन्तर्गत २६ वटा पुलहरु रहेका छन् । रु.१६ अर्ब १० करोड अनुमानित लागत रहेको यस खण्डको आ.व.२०६६/६७ बाट निर्माण कार्य प्रारम्भ भएकोमा वि.सं. २०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ७१.० प्रतिशत तथा ७०.० प्रतिशत रहेको छ । यस आयोजनामा ५०० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

### ६. मदन भण्डारी राजमार्ग (भित्रि तराई लोकमार्ग)

कोशी प्रदेशमा मदन भण्डारी राजमार्गको दुई खण्डमा निर्माण कार्य भइरहेको छ ।

यस राजमार्गको **पहिलो खण्ड** सुनसरी, मोरङ, झापा र इलाम जिल्लामा पर्दछ । आ.व.२०७६/७७ बाट निर्माण कार्य प्रारम्भ भएको यस खण्डको कुल लम्बाई १३० कि.मि. र अनुमानित लागत रु.८ अर्ब १९ करोड रहेको छ । आ.व.२०८१/८२ सम्म निर्माण कार्य सम्पन्न गर्ने लक्ष्य रहेको आयोजनाको वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक प्रगति सडक तर्फ ५२ प्रतिशत तथा पुल तर्फ ९० प्रतिशत रहेको छ भने वित्तीय प्रगति सडक तर्फ ३८ प्रतिशत र पुल तर्फ ८५ प्रतिशत रहेको छ । यस खण्डमा जम्मा ९६० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

त्यस्तै, लोकमार्गको **दोस्रो खण्ड** कोशी प्रदेशको उदयपुर र बागमती प्रदेशको सिन्धुली जिल्लामा पर्दछ । कुल लम्बाई १३५ कि.मि. रहेको लोकमार्गको यस खण्डको अनुमानित लागत रु.१३ अर्ब १२ करोड रहेको छ । आ.व.२०७३/७४ बाट निर्माण कार्य प्रारम्भ भई आ.व. २०८०/८१ सम्ममा सम्पन्न गर्ने लक्ष्य रहेको यस खण्डको वि.सं.२०८० पुस

मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ९९.० प्रतिशत र ९८.५ प्रतिशत रहेको छ । यस आयोजनामा १८० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**७. कोशी (उत्तर दक्षिण) लोकमार्ग**

दक्षिणमा भारतको सीमाना जोगवनीदेखि वसन्तपुर, खाँदबारी हुँदै नेपालको उत्तरी सीमाना किमाथाङ्का जोड्ने राष्ट्रिय गौरवको यस लोकमार्गको कुल लम्बाई ३०९ कि.मि रहेको छ ।

यस लोकमार्ग अन्तर्गतको **रानी-विराटनगर-इटहरी-धरान सडक आयोजना** निर्माण कार्यको प्रारम्भ आ.व.२०६९/७० बाट भएको हो । कुल लम्बाइ ४९ कि.मि रहने यस ६ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.१० अर्ब ९८ करोड रहेको छ । आ.व. २०८१/८२ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेकोमा यस आयोजनाको वि.सं.२०८० पुस मसान्त सम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ८९.० प्रतिशत र ८२ प्रतिशत रहेको छ । यस आयोजनामा ३० जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

यस लोकमार्गको संखुवासभा जिल्लाको खाँदबारीदेखि उत्तरी सीमा किमाथांकासम्मको **कोशी कोरिडोर सडक आयोजना**को कुल लम्बाइ १६२ कि.मि. रहेको छ । आ.व.२०६५/६६ बाट निर्माण कार्य प्रारम्भ भएको यस आयोजनाको कुल अनुमानित लागत रु. ११ अर्ब ९३ करोड रहेको छ । आ.व.२०८३/८४ सम्म सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०८० पुस मसान्तसम्मको भौतिक तथा वित्तीय प्रगति क्रमशः ४४.० प्रतिशत र ४२.७ प्रतिशत रहेको छ । यस आयोजनामा ११ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

**८. प्रदेश गौरवको आयोजना : विराटचोक-घिनाघाट सडक आयोजना**

कोशी प्रदेशको प्रदेश गौरवको आयोजनाको रुपमा रहेको यस आयोजनाको निर्माण कार्य आ.व.२०७५/७६ बाट प्रारम्भ भएको हो । कुल लम्बाई २२ कि.मि. रहने यस ४ लेन सडक आयोजनाको कुल अनुमानित लागत रु.२ अर्ब ५ करोड रहेको छ । यस आयोजनाको १ कि.मी देखि १० कि.मी सम्म, ११ कि.मी देखी २० कि.मी सम्म तथा २१ कि.मी देखि २२ कि.मी सम्म गरी तीन प्याकेज अन्तर्गत निर्माण कार्य भईरहेकोमा दोस्रो प्याकेज अन्तर्गत निर्माण सम्पन्न भई हस्तान्तरण भईसकेको छ भने पहिलो र तेस्रो प्याकेज अन्तर्गतको कार्य निर्माणाधिन अवस्थामा छन् । आ.व.२०८०/८१ मा निर्माण सम्पन्न गर्ने लक्ष्य रहेको यस आयोजनाको वि.सं.२०८० पुस मसान्तसम्मको पहिलो प्याकेज अन्तर्गत भौतिक तथा वित्तीय प्रगति क्रमशः ८७.५ प्रतिशत र ८४.७ प्रतिशत तथा तेस्रो प्याकेज अन्तर्गत भौतिक तथा वित्तीय प्रगति क्रमशः ८९.० प्रतिशत र ८५.६ प्रतिशत रहेको छ । यस आयोजनाको पहिलो र तेस्रो प्याकेज अन्तर्गत ७४ जनाले प्रत्यक्ष रोजगारी पाइरहेका छन् ।

## ६.२ रोजगारी

### वैदेशिक रोजगारी

कोशी प्रदेशमा आर्थिक वर्ष २०८०/८१ को साउनदेखि पुस मसान्तसम्म गत आर्थिक वर्षको सोही अवधिको तुलनामा वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिनेको संख्यामा १६.१६ प्रतिशतले कमी भएको छ । समीक्षा अवधिमा यस प्रदेशका कुल ७५ हजार २ सय ७२ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका छन् । गत वर्षको सोही अवधिमा यस प्रदेशका कुल ८९ हजार ७ सय ७८ जनाले वैदेशिक रोजगारीको लागि श्रम स्वीकृति लिएका थिए ।

तालिका : ६.१ वैदेशिक रोजगारीका लागि श्रम स्वीकृतिको जिल्लागत विवरण

| जिल्ला | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | प्रतिशत परिवर्तन |
|---|---|---|---|
| ताप्लेजुङ | २३५४ | १९५४ | -१६.९९ |
| संखुवासभा | ३२३२ | २४८७ | -२३.०५ |
| सोलुखुम्बु | १९७६ | १६४० | -१७.०० |
| ओखलढुङ्गा | २९१२ | २३७२ | -१८.५४ |
| खोटाङ | ५३३५ | ४१२२ | -२२.७४ |
| भोजपुर | ४८९६ | ३४१८ | -३०.१९ |
| धनकुटा | ४१६१ | ३२१४ | -२२.७६ |
| तेह्रथुम | २२७० | १५७५ | -३०.६२ |
| पाँचथर | ४६८४ | ३११९ | -३३.५८ |
| इलाम | ५१०७ | ४५७८ | -१०.३६ |
| झापा | १८१२२ | १६२२८ | -१०.४५ |
| मोरङ | १६०९३ | १४३९५ | -१०.५५ |
| सुनसरी | १२०४२ | १०८०१ | -१०.३१ |
| उदयपुर | ६५९४ | ५३७७ | -१८.४६ |
| **जम्मा** | **८९,७७८** | **७५,२७२** | **-१६.१६** |

*स्रोत: वैदेशिक रोजगार विभाग, २०८०*

## ६.३ पूर्वाधार क्षेत्रका चुनौती र सम्भावना

### ६.३.१ चुनौतीहरु

- सडक विस्तार, खानेपानी तथा ढलनिकास, सञ्चार तथा विद्युत विस्तारको कार्यमा सरोकारवाला निकायबीच समन्वय स्थापित गर्नु ।
- निर्माण कार्य सम्पन्न भए पश्चात् आयोजनाको निरन्तर अनुगमन, रेखदेख र मर्मत सम्भार गर्ने चुस्त दुरुस्त प्रणालीको विकास गरी आवश्यक वित्तीय स्रोत व्यवस्थापन गर्नु ।
- पूर्वाधार निर्माणका क्रममा आवश्यक पर्ने प्राविधिक विशेषज्ञताका लागि विदेशी जनशक्तिमा निर्भर रहनु पर्ने बाध्यताको अन्त्य गर्दै देशमा रहेका जनशक्तिमा सो सँग सम्बन्धित प्राविधिक शिक्षा हस्तान्तरण गरी परनिर्भरता कम गर्नु ।
- निश्चित मापदण्ड विना पूर्वाधारका आयोजनाको छनोट गर्ने र आवश्यक पूर्व तयारी बिना कार्यान्वयनमा लैजाने हालको परिपाटीलाई बन्द गरी प्रदेशस्तरमा पनि परियोजना बैंकको अवधारणाको अनुसरण तथा कार्यान्वयन गर्नु ।
- सडक, प्रशारणलाइन विस्तार, औधोगिक क्षेत्र निर्माण आदि कार्यको लागि जग्गा अधिग्रहण तथा मुआब्जा वितरणको कार्यमा हुने विवादको समयमै निरुपण गर्नु ।
- पूर्वाधार क्षेत्रमा आवश्यक समयानुकुल प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गर्नु ।

### ६.३.२ सम्भावनाहरु

- जलविद्युत उत्पादनको लागि भौगोलिक अनुकुलता र प्रचुर जलस्रोत रहेको, मुलुककै हालसम्मको सबैभन्दा ठुलो जलविद्युत आयोजना स्वदेशी पुँजी तथा विज्ञतामा निर्माण सम्पन्न भएको, सर्वसाधारणबाट जलविद्युत आयोजना निर्माण गर्न आवश्यक पुँजी जुटाउन समेत सहज हुँदै गएको, अन्तरदेशीय विद्युत प्रसारणलाइन निर्माणको क्रममा रहेको आदि जस्ता कारणले जलविद्युतको उत्पादन तथा निर्यातबाट मुलुकको अर्थतन्त्रमा टेवा पुग्ने देखिएको ।
- भौतिक पूर्वाधार निर्माणका लागि आवश्यक प्राविधिक जनशक्ति स्वदेशमा उत्पादन गरी विदेशी लगानीमा निर्माण गरिएका आयोजनामा समेत नेपाली जनशक्तिलाई रोजगारी प्रदान गर्न सकिने ।
- पूर्वाधारका क्षेत्रमा लगानी गर्न द्विपक्षीय एवम् बहुपक्षीय विकास साझेदारको निरन्तर चासो रहेकोले आगामी दिनमा पूर्वाधारको विकासमा वित्तीय स्रोतको उपलब्धता सहज हुने देखिन्छ ।
- यस प्रदेशका पहाडी जिल्लाहरुमा समेत मोटरेवल सडकको पहुँच विस्तार हुन, प्रशारणलाइन निर्माणको कामले तीव्रता पाउनु, निरन्तर जल प्रवाह हुने नदीहरु रहनु आदि कारणले थप जलविद्युत आयोजनाहरुको विकास हुने ।

# परिच्छेद ७ : प्रादेशिक कार्यक्रम तथा योजना

## ७.१ कोशी प्रदेशको सरकारी वित्त स्थिति

- आर्थिक वर्ष २०८०/८१ का लागि कोशी प्रदेश सरकारले कुल रु.३६ अर्ब ७४ करोड बजेट विनियोजन गरेकोमा प्रदेश लेखा नियन्त्रक कार्यालयको विवरण अनुसार पहिलो ६ महिनाको अवधिमा रु.७ अर्ब ६६ करोड खर्च भएको छ, जुन कुल विनियोजनको २०.८५ प्रतिशत हो । आ.व.२०७९/८० को पहिलो ६ महिनामा विनियोजन भएको बजेटको २४.८९ प्रतिशत खर्च भएको थियो ।

- आर्थिक वर्ष २०८०/८१ मा चालु खर्चतर्फ विनियोजन भएको रु.१२ अर्ब ६८ करोडमध्ये २०८० पुस मसान्तसम्म रु.३ अर्ब ८८ करोड खर्च भएको छ जुन विनियोजन भएको चालु खर्चको ३०.६ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च ३१.०७ प्रतिशत रहेको थियो । त्यसैगरी, पुँजीगत खर्चतर्फ विनियोजन भएको रु.२० अर्ब ३९ करोडमध्ये समीक्षा अवधिको अन्त्यसम्म रु.२ अर्ब ७३ करोड खर्च भएको छ जुन विनियोजन भएको पुँजीगत खर्चको १३.३९ प्रतिशत हो । गत वर्षको सोही अवधिमा यस्तो खर्च १९.२६ प्रतिशत रहेको थियो ।

- कोशी प्रदेश सरकारले आ.व.२०८०/८१ मा आन्तरिक स्रोत र राजस्व बाँडफाँडबाट गरी कुल राजस्व रु.२० अर्ब ४७ करोड परिचालन गर्ने अनुमान गरेकोमा २०८० पुस मसान्तसम्म रु.५ अर्ब ९१ करोड राजस्व परिचालन गरेको छ जुन कुल राजस्व अनुमानको २८.८७ प्रतिशत हो ।

- आ.व.२०८०/८१ मा कोशी प्रदेश सरकारले संघीय सरकारबाट समानीकरण, सशर्त, विशेष र समपुरक गरी कुल रु.१६ अर्ब १२ करोड अनुदान प्राप्त गर्ने अनुमान गरेकोमा २०८० पुस मसान्तसम्म कुल रु.८ अर्ब २० करोड अनुदान प्राप्त गरेको छ । प्राप्त भएको अनुदान रकममध्ये समानीकरण अनुदानको रकम सवैभन्दा बढि रु.४ अर्ब ३९ करोड रहेको छ भने समपुरक अनुदानको रकम सवैभन्दा कम रु.२४ करोड ९ लाख रहेको छ ।

**तालिका ७.१: कोशी प्रदेश सरकारको वित्तीय प्रगति विवरण**

| शीर्षक | २०७९/८० | | २०८०/८१ | | प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | बजेट | यथार्थ (साउन-पुस) | बजेट | यथार्थ (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) |
| **कुल खर्च (रु.अर्ब)** | **३९.७३** | **९.८९** | **३६.७४** | **७.६६** | **२४.८९** | **२०.८५** |
| चालु खर्च | १३.०९ | ४.०६ | १२.६८ | ३.८८ | **३१.०७** | **३०.६०** |
| पुँजीगत खर्च | २३ | ४.४३ | २०.३९ | २.७३ | **१९.२६** | **१३.३९** |
| वित्तीय हस्तान्तरण | ३.६५ | १.३९ | ३.६७ | १.०५ | **३८.०८** | **२८.६१** |
| **कुल राजस्व (रु.अर्ब)** | **२०.३८** | **४.४७** | **२०.४७** | **५.९१** | **२१.९३** | **२८.८७** |
| **अनुदान प्राप्ती (रु. अर्ब)** | **१९.३५** | **४.६९** | **१६.२६** | **८.२०** | **२४.२४** | **५०.४३** |

*स्रोत : कोशी प्रदेश सरकारको बजेट वक्तव्य तथा प्रदेश लेखा नियन्त्रकको कार्यालय*

## ७.२ कोशी प्रदेशका स्थानीय तहहरुको बजेट कार्यान्वयनको स्थिति #

समीक्षा अवधिमा यस अध्ययनको लागि छनोट गरिएका कोशी प्रदेशका स्थानीय तहहरुले विनियोजित कुल बजेटको २९.९ प्रतिशत रकम खर्च गरेका छन् जसमध्ये चालु खर्चतर्फ विनियोजित बजेटको ३६.८ प्रतिशत र पुँजीगत खर्चतर्फ विनियोजित बजेटको २२.३ प्रतिशत रकम खर्च भएको छ । गत वर्षको सोही अवधिमा विनियोजित कुल बजेटको २६.६ प्रतिशत रकम खर्च भएको थियो । समीक्षा अवधिमा ती स्थानीय तहहरुले गरेको कुल खर्च अघिल्लो वर्षको सोही अवधिको तुलनामा १०.९ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

**तालिका ७.२: कोशी प्रदेशका स्थानीय तहहरुको वित्त स्थिति (रकम रु.करोडमा)**


| शीर्षक | उप-शीर्षक | २०७९/८० | | २०८०/८१ | | प्रगति | | |
|---|---|---|---|---|---|---|---|---|
| | | बजेट | वास्तविक (साउन-पुस) | बजेट | वास्तविक (साउन-पुस) | २०७९/८० (साउन-पुस) | २०८०/८१ (साउन-पुस) | वृद्धिदर |
| खर्च | **कुल खर्च** | **१०४८.७** | **२७८.७** | **१०३२.८** | **३०९.२** | **२६.६** | **२९.९** | **१०.९** |
| | चालु | ५१६.४ | १८७.२ | ५२८.६ | १९४.३ | ३६.२ | ३६.८ | ३.८ |
| | पुँजीगत | ५२१.७ | ८८.० | ४९५.४ | ११०.६ | १६.९ | २२.३ | २५.७ |
| | वित्तीय | १०.५ | ३.६ | ८.८ | ४.२ | ३३.७ | ४७.९ | १८.६ |
| राजस्व | **कुल प्राप्ती** | **४९६.१** | **१४४.४** | **४७४.२** | **१५२.९** | **२९.१** | **३२.२** | **५.९** |
| | आन्तरिक स्रोतबाट प्राप्त | २४०.८ | ९९.९ | २५१.३ | १००.१ | ४१.५ | ३९.८ | ०.१ |
| | राजस्व बाँडफाँडबाट प्राप्त | २४०.५ | ४२.० | २०८.५ | ५१.१ | १७.५ | २४.५ | २१.६ |
| | अन्य | १४.८ | २.५ | १४.३ | १.७ | १६.७ | १२.० | -३०.८ |
| अनुदान तथा हस्तान्तरण प्राप्ति | **कुल अनुदान तथा हस्तान्तरण** | **४७६.३** | **२१९.१** | **५४१.५** | **२४७.०** | **४६.०** | **४५.६** | **१२.७** |
| | समानीकरण | १७०.७ | ८१.० | १४३.८ | ७६.९ | ४७.५ | ५३.५ | -५.१ |
| | समपूरक | ११.२ | १.० | ३४.१ | २.६ | ८.९ | ७.७ | १६३.९ |
| | विशेष | १७.५ | ४.८ | १५.० | ३.७ | २७.६ | २४.४ | -२४.४ |
| | सशर्त | २७६.९ | १३२.३ | ३४८.७ | १६३.९ | ४७.८ | ४७.० | २३.९ |
| | अन्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| ऋण | **कुल ऋण** | **८.५** | **०.०** | **३.२** | **०.०** | ०.० | ०.० | **०.०** |
| | बाह्य | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० | ०.० |
| | आन्तरिक | ८.५ | ०.० | ३.२ | ०.० | ०.० | ०.० | ०.० |

*स्रोत: सम्वन्धित स्थानीय तह*

- कोशी प्रदेशका छनोट गरिएका स्थानीय तहहरुले समीक्षा अवधिमा अनुमानित राजस्वको ३२.२ प्रतिशत रकम परिचालन गरेका छन् । उक्त राजस्व रकम अघिल्लो वर्षको सोही अवधिमा परिचालन गरेको राजस्वको तुलनामा ५.९ प्रतिशतले वृद्धि भएको देखिन्छ ।

- समीक्षा अवधिमा स्थानीय तहहरुले अनुदान तथा हस्तान्तरण वापत अनुमान गरेको रकमको ४५.६ प्रतिशत रकम प्राप्ती गरेका छन् । उक्त रकम अघिल्लो वर्षको सोही अवधिको तुलनामा १२.७ प्रतिशतले बढी हो ।

**चार्ट ७.१ : आर्थिक वर्ष २०८०/८१ मा कोशी प्रदेशका स्थानीय तहहरुको कुल प्राप्तिको संरचना**




*स्रोत : सम्बन्धित स्थानीय तहहरु*

*#कोशी प्रदेशस्थित विराटनगर महानगरपालिका, इटहरी र धरान उप-महानगरपालिका र बजेट विनियोजनको आकारका आधारमा छनोट गरिएका दुई ठुला दमक नगरपालिका र बिर्तामोड नगरपालिका गरी ५ स्थानीय तहहरुको आर्थिक वर्ष २०७९/८० र २०८०/८१ को विनियोजित वजेट र वास्तविक उपलब्धिको आधारमा गरिएको विश्लेषण*

# परिच्छेद ८ : आर्थिक परिदृष्य

## ८.१ कृषि उत्पादन

- उपयुक्त समयमा वर्षा भएको र रासायनिक मलको उपलब्धता सहज भएको कारण वर्षे धानको उत्पादनमा वृद्धि हुने देखिन्छ । हाइब्रिड मकैप्रति किसानको आकर्षण बढ्नु, हाइब्रिड मकै क्षेत्र विस्तार कार्यक्रमहरु सञ्चालन भइरहेको तथा कृषिसँग सम्बन्धित कार्यालयहरुले मकै उत्पादनमा बढी प्रभाव पार्ने अमेरिकन फौजी किराको प्रकोप नियन्त्रणका लागि विविध कार्यक्रम सञ्चालन गरेको तथा पछिल्ला वर्षमा गहुँको सट्टा मकै बालीतर्फ कृषकहरुको आकर्षण बढ्दै गएकोले गत वर्षको तुलनामा गहुँको उत्पादन घट्न सक्ने तथा मकैको उत्पादन बढ्ने देखिन्छ ।
- भोजपुर अलौँची जोन र संखुवासभा अलैँची जोनलाई एकिकृत गरी अलौँची सुपर जोनमा स्तरोन्नति, पाँचथरमा सुन्तला, इलाममा अलैँची तथा झापामा तरकारी जोन थप गरिएसँगै कृषिजन्य उत्पादनमा वृद्धि हुने देखिन्छ ।
- ठुला कृषि फर्महरुको स्थापना भई व्यवसायिक रुपमा तरकारी खेतीको हुने क्रम बढ्नु तथा हाइटेक टनेलमा बैमौसमी तरकारी उत्पादनको शुरुवात हुनुले तरकारी उत्पादनमा केही वृद्धि हुने देखिन्छ ।
- पशु नश्ल सुधार कार्यक्रम, स्थानीय निकाय र भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रमार्फत सञ्चालित रोगव्याधी नियन्त्रणका लागि प्राविधिक तथा भेटनरी सेवाको विस्तार आदिको कारण व्यावसायिक पशुपन्छीपालन, माछापालन जस्ता कार्यमा सर्वसाधारण/कृषकको आकर्षण बढ्दै गएको, हाल पशुपन्छीमा ठुलो रोगको प्रकोप नदेखिएको तथा पशुपालनका लागि ठुला फर्महरुको स्थापना हुने क्रम बढेसँगै पशुपन्छीजन्य उत्पादनहरु जस्तैः अण्डा, माछा, मासुको उत्पादन बढ्ने देखिन्छ ।
- African Swine Fever (ASF) को प्रकोपका कारण बंगुरपालबाट पलायन भएका किसानहरु बंगुरपालनमा फर्किनुका साथै नयाँ किसानहरु बंगुरपालनमा थपिएसँगै बंगुरको पाठापाठी तथा मासुको उत्पादनमा उल्लेखनिय वृद्धि हुने देखिन्छ ।
- दुधजन्य उत्पादनको मागमा आएको कमीका कारण डेरी उद्योगमा ठुलो परिमाणमा दुधजन्य उत्पादनको मौज्दात रहेको र किसानले डेरी उद्योगबाट दुधको भुक्तानी पाउन बाँकी रकम बढ्दै गएकोले गाईपालन किसानहरुमा निराशा पैदा हुँदै गएकोले आगामी दिनमा दुधको उत्पादनमा केही कमी आउने देखिन्छ ।
- मौसम अनुकुल रहेको र किराको प्रकोप कम देखिएकोले आँपको उत्पादन बढ्ने देखिन्छ ।
- कोशी प्रदेशका पहाडी  जिल्लाहरुमा समेत मोटरेवल बाटो तथा पुलको निर्माण बढेसँगै काठको उत्पादनमा वृद्धि हुने देखिन्छ । चिराइतो खेतीप्रति किसानको आकर्षण बढेसँगै चिराइतोको उत्पादनमा उल्लेखनिय वृद्धि हुने देखिन्छ ।

## ८.२ औद्योगिक उत्पादन

- निर्माण व्यवसायीले सरकारबाट पाउनुपर्ने भुक्तानी रोकिएकोमा उक्त रकम निर्माण व्यवसायीले भुक्तानी पाएमा पूर्वाधार निर्माणको कामले गति लिन गई औद्योगिक उत्पादनमा वृद्धि हुने देखिन्छ ।

- एशियन हाइवेको मापदण्ड अनुरुप हुने गरी विस्तार भैरहेको पूर्व पश्चिम राजमार्गको निर्माण कार्यले तीव्रता पाएमा यस प्रदेशमा सञ्चालनमा रहेका ईटा, सिमेण्ट तथा छड उद्योगहरुको क्षमता उपभोगमा वृद्धि भई उत्पादन बढ्ने देखिन्छ ।
- ढल्केवर इनरुवा प्रशारण लाइन निर्माण अन्तिम चरणमा रहेको र उक्त आयोजना सम्पन्न भएमा यस प्रदेशमा सञ्चालनमा रहेका उद्योगहरुमा भईरहेको विद्युतको अनियमित आपूर्तिको समस्या समाधान भई उद्योगहरुको सञ्चालन सहज भई उत्पादन क्षमता र उत्पादनमा वृद्धि हुने देखिन्छ ।

## ८.३ सेवा क्षेत्र

- जोगवनी नाकाबाट १०० किलोमिटर भन्दा कम दुरीमा भेडेटार, नाम्जे, जेफाले लगायतका Hill Station हरु रहेको र उक्त स्थानहरुमा तराईको भुभागमा भन्दा १०/१५ डिग्री सेल्सियस भन्दा कम तापक्रम रहने भएकोले गर्मी बढेसँगै सिमावर्ती भारतीय शहरहरुबाट गर्मी छल्नका लागि पर्यटकहरु आउने क्रम बढ्न गई पर्यटन क्षेत्र चलायमान हुने देखिन्छ ।
- आँखाको उपचार तथा अन्य स्वास्थ्य सेवाका लागि सिमावर्ती भारतीय राज्यहरुबाट बिरामीहरु आउने क्रम बढेसँगै यस क्षेत्रका अस्पतालहरु मार्फत भारतीय रुपैँया उल्लेखनिय रुपमा भित्रने देखिन्छ ।
- बैंक तथा वित्तीय संस्थाहरुमा लगानीयोग्य रकम बढ्नुका साथै बैंक तथा वित्तीय संस्थाको आधार दर घट्दै गएकोले औद्योगिक उत्पादन, रियलस्टेट तथा सार्वजनिक निर्माण क्षेत्र चलायमान हुने देखिन्छ ।

## ८.४ पूर्वाधार क्षेत्र

- जलविद्युत उत्पादनको प्रचुर सम्भावना रहेको यस प्रदेशमा निर्माणका लागि इजाजत लिएका ७७ आयोजनाहरुको कुल क्षमता २९८५.४२ मेगावाट रहेको छ । निर्माणाधिन आयोजनाहरु मध्ये केही जलविद्युत आयोजनाहरुको निर्माण सम्पन्न हुन लागेकोले चालु आर्थिक वर्षमा राष्ट्रिय प्रशारणलाइनमा विद्युत थप हुने देखिन्छ ।
- युवा जनशक्तिको अध्ययन तथा रोजगारीका लागि विदेश जाने क्रम नरोकिएकोले पूर्वाधार क्षेत्रमा दक्ष, अर्धदक्ष तथा अदक्ष कामदारका अभाव हुने देखिन्छ ।